# परीक्षा पछि शत्रुको शहर कब्जा गर्नु

आश्चर्य छ कि...तपाईलाई थाहा छ, मसंग सानो विचार छ, जस्तो, जब, हामी वचन पढ्छौ मानिसहरु खडा भएको म हेर्न चाहन्छु। के तपाईलाई त्यो मन पर्दैन? हामी प्रतिज्ञाको निष्ठाको लागि खडा हुन्छौ, हामी हाम्रो राष्ट्रको लागि खडा हुन्छौ, वचनको लागि चाहि अहिले किन खडा नहुने?

2 मात्र हामी एक मिनेटको लागि उभिदैगर्दा। मैले एक लेख पढ्दैथिए, धेरै समय अगाडि होइन, र म ती मानिसहरुको विषयमा हिजो गत राति सोच्दै थिए जो ख्रीष्टको निम्ति खडा भएका थिए। यदि तपाईले खडा हुनुभएको छैन भने, के आज गर्नुहुन्न?

3 त्यहाँ एक महान् प्रचारक थिए, करिब पचत्तर वर्ष अघि, मैले उहाको नाउ नै स्मरण गर्न सकिराको छैन। मलाई लाग्छ उहा आर्थर मिक्ले हुनुहुन्थ्यो, र उहाले जमिन पार गर्नुभएको थियो। र एकदिन उहाले सपना देख्नुभयो जसमा उहा महिमामा जानुभएको थियो। र उहा माथि ढोकामा पुग्नुभयो, र उहाले भन्नुभयो तिनीहरुले उहालाई भित्र जान दिएनन्। र उहाले भन्नुभयो, “म आर्थर मिक्ले हुँ जो संयुक्त राज्यबाट हुँ। म एक प्रचारक हुँ।”

4 त्यसैले ढोका पाले भित्र गए, (अब यो सपना थियो), र उनी भित्र गए र भने, “मैले तपाईको नाउ नै भेट्टाउन सकिन।”

उनले भने, “ठिक छ, म प्रचारक हुँ।”

र उनले भने, “श्रीमान् म...”

5 उनले भने, “ठिक छ, के त्यहाँ मौका छ कि...त्यहाँ केहि गलत छ।”

6 उनले भने, “होइन श्रीमान्। मसंग यहा पुस्तक छ। मैले तपाईको नाउ भेट्टाउन नै सकिन।”

उनले भने, “ठिक छ, के मैले यस विषयमा केहि गर्नसक्छु?”

7 उनले भने, “हुनसक्छ तपाईले आफ्नो मुद्दा सेतो सिंहासनको इन्साफमा राख्न सक्नुहुन्छ।” परमेश्वर, मद्दत गर्नुहोस्। मलाई त्यहाँ हुने इच्छा छैन।

8 उनले भने, “ठिक छ, यदि त्यो मात्रै मेरो आशा हो भने, मलाई लाग्छ म मेरो मुद्दा तब नै अपिल गर्नेछु।”

9 र भने तब उनी बाटोबाट धेरै टाढा पुगेको सोचेका थिए, र मात्र...र जसै उनले शुरु गरे, उनले भन्यो त्यो अन्धकार थियो, र उज्यालो र उज्यालो हुदै गयो, र उनले भने त्यो यस्तो देखिन्थ्यो कि त्यहाँ कुनै निश्चित ठाउँ थिएन जहाँ यो उज्यालो समाप्त हुन्थ्यो, र उनी ठिक त्यसको बिचमा थिए। र भन्यो उहाले भन्नुभयो, “को मेरो इन्साफको सिंहासन नजिक आएको छ?”

10 उनले भने, “म आर्थर मिक्ले हुँ। म प्रचारक हुँ, धेरै प्राणहरु राज्यमा पठाएको थिए।”

उहाले भन्नुभयो, “के तिम्रो नाम पुस्तकमा भेट्टाइएन?”

“अँह”

भन्नुभयो, “त्यसोभए तिमीले मेरो अदालतमा अपिल गर्यौ?”

“हो, श्रीमान्।”

11 “तिमीले न्याय पाउनेछौ। म तिमीलाई मेरो व्यवस्थाद्वारा न्याय गर्नेछु। आर्थर मिक्के, के तिमीले कहिल्यै झुटो बोलेको छौ?”

12 उनले भने, “मैले सोचेको थिए म त्यस उज्यालोमा खडा नहुन्जेल हल्का असल मानिस नै थिए।” उनले भने, “तर त्यो उज्यालोको उपस्थितिमा, म एक पापी थिए।” हामी सबै त्यहि हुनेछौ। तपाई अहिले सुरक्षित महसुस गर्नुहुन्छ होला, तर तपाई त्यहाँ पुगुन्जेल सम्म प्रतिक्षा गर्नुहोस्। तपाई कस्तो महसूस गरेको सोच्नुहुन्छ यहाँ जब उहाले अभिषेक गर्दैहुनुहुन्छ? कति थोरै तपाई महसूस गर्न सक्नुहुन्छ! त्यो के चाहि हुनेछ त्यस सेतो सिंहासनको इन्साफमा?

उहाले भन्नुभयो, “के तिमीले कहिल्यै झुटो बोलेको छौ?”

13 उनले भने, “मैले सोचेको थिए कि म सत्यवादी भएर रहे, तर केहि साना कुराहरु जुन मैले सेतो झुटहरु सम्झेको थिए, ती झुटहरु त्यहाँ ठुलो र कालो बन्यो।”

उनले भने, “हो,श्रीमान् मैले झुट बोलेको थिए।”

उहाले भन्नुभयो, “के तिमीले कहिल्यै चोरेको छौ?”

14 उनले भने, “मैले सोचेको थिए यस बिषयमा म इमानदार रहे, र कहिल्यै चोरिन,” तर भन्यो, “त्यस प्रकाशको उपस्थितिमा मैले—मैले महसूस गरे कि त्यहाँ केहि व्यवहार थियो जुन मैले तानेको थिए, त्यो केवल सहि थिएन।”

उनले भने, “हो श्रीमान्, मैले चोरेको थिए।”

उहाले भन्नुभयो, “मेरो न्याय…”

15 र उनी मात्र आफ्नो वाक्य सुन्न तयारी थिए, “अनन्त अग्निमा जाऊ जुन शैतान र त्यसको स्वर्गदूतहरुको निम्ति तयार पारिएको थियो,” भन्यो हरेक हाड अलग आइरहेको थियो।

16 उनले भने, “मैले मेरो जीवनभरमा नसुनेको सबैभन्दा मिठो आवाज सुने।” उनले भने, “जब मैले हेर्नलाई पछाडि फर्के, मैले कहिल्यै नदेखको सबैभन्दा मधुर मुहार देखे; आमाको मुहारभन्दा पनि मधुर, मेरो आमाले बोलाएको भन्दा पनि मिठो आवाज सुने।” भन्यो, “मैले चारैतिर हेरे। मैले यसो भनेको एउटा आवाज सुने, ‘पिता, यो सत्य हो कि, उनले झुटो बोले र उनी ठिक इमानदार थिएनन्। तर, तल पृथ्वीमा ऊ मेरो लागि खडा भएका थिए,’ भन्नुभयो, ‘अब म उनको स्थानमा खडा हुन्छु।’”

17 त्यहि नै त्यहाँ भएको म चाहन्छु। म उहाको निम्ति अहिले खडा हुन चाहन्छु, कि, जब त्यो समय आउछ, उहा मेरो स्थानमा खडा हुनुभयो।

18 आउनुहोस् उत्पत्तिको २२: १५ औ, १६ औ, १७ औ, र १८ औ पदहरु पढौ।

*र परमप्रभुका दूतले दोस्रो पल्ट स्वर्गबाट अब्राहामलाई कराएर भने, परमप्रभु भन्नुहुन्छ, मैले आफ्नै नाउमा शपथ खाएको छु, कि तैले यो काम गरेकोले र तेरो छोरो, अर्थात्* तेरो *छोरोलाई पनि मबाट नरोकेकोले म निश्चयनै तँलाई आशिष दिनेछु…तेरा सन्तानको बृद्धी गरेर आकाशका तारा र समुन्द्र किनारका बालुवा* सरह *म तुल्याउनेछु। तेरा सन्तानले आफ्ना* शत्रुहरूका *शहरहरु कब्जा गर्नेछन्।*

*तेरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरु आशिर्वादी हुनेछन्, किनकी तैले मेरो वचन पालन गरिस्*

आउनुहोस् हामी प्रार्थना गरौ

19 स्वर्गीय पिता, अब पाठ लिनुहोस्, प्रभु, र हामीमा सेवा गर्नुहोस्। हुनसकोस् कि पवित्र आत्माले ठिक प्रत्येकको हृदयमा वचन बोक्न सकेकोहोस्, प्रभु। ताकि त्यसले हाम्रो अपेक्षाहरु यस दिउसो पुरा गर्न सकेको होस्, किनकि ती महान् छन्, प्रभु। र तपाईले हामीलाई प्रशस्त हुने गरि माग भन्नुभयो, ताकि हाम्रो आनन्द पूर्ण हुन सकोस्। हामी यो माग्छौ येशूको' नाउमा। आमेन।

तपाई बस्न सक्नुहुन्छ।

20 यदि मैले यसलाई पाठ भन्नुपर्दा, केहि क्षणको लागि। मेरो आवाज कमजोर छ, त्यहि कारणले म माईक्रोफोनको अगाडि उभिनुपर्छ। म जान्दछु कि त्यहाँ एक प्रतिक्रिया छ, तर हामीले त्यो थोरै भोगिसकेका छौ। म यसलाई: "*परीक्षा पछि शत्रुको शहर कब्जा गर्नु*" भन्दछु।

21 हाम्रो दृश्य अब्राहामको एउटा अति आश्चर्यजनक दृश्यमध्ये एक मा खुल्निन्छ। तपाइलाई थाहा छ कि अब्राहाम विश्वासका पिता हुन्। र प्रतिज्ञा अब्राहामलाई गरिएको थियो। र मात्रै उनीसंग उतराधिकारी भएर, ख्रीष्टद्वारा, त्यो मात्र एउटा बाटो हो जहाँबाट हामीले प्रतिज्ञा प्राप्त गर्न सक्छौ, त्यो हो अब्राहामद्वारा। अब, अब्राहाम केवल एक साधारण मानिस थिए, तर परमेश्वरले उनलाई बोलाउनुभयो र उनी त्यो बोलावटमा विश्वासयोग्य रहे। जब परमेश्वरले उनीसंग बोल्नुभयो, अब्रहामले कहिल्यै एकपटक पनि त्यो आवाजमा शङ्का गरेनन्। उनी ठिक त्यसैमा रहिरहे।

22 र तब उनलाई एउटा पुत्र प्रतिज्ञा गरिएको थियो। र त्यो छोरालाई पाउन उनले पच्चीस वर्षसम्म प्रतिक्षा गरे, यसको विपरीत कुनै पनि कुरा भनियो यद्धपि त्यो त्यस्तो थिएन। र त्यसपछि, र यस छोरामा, पृथ्वीका सबै परिवारहरु आशिर्वादी हुनपर्ने थियो। र पिता आफ्नो बोलावट र प्रतिज्ञा गरिएको वचनमा विश्वासयोग्य थिए।

23 हामी के हुनपर्ने हो भन्ने उनी एउटा उदाहरण थिए। अब, हामी, ख्रीष्टमा मृत भई, हामी अब्राहामको सन्तान हौ.

24 अब, त्यहाँ अब्राहामको दुइवटा सन्तान थियो। ती मध्ये एउटा चाहि शारीरिक सन्तान थिए; अर्को चाहि आत्मिक सन्तान थिए। ती मध्ये एकचाहि भौतिक थियो, उनको

शरीरद्वारा थियो; अर्को एउटा चाहि उनको विश्वासको सन्तान थिए, विश्वासको, ताकि हामी पनि अब्रहामको सन्तान प्रतिज्ञा गरिएको वचनद्वारा हुनसकौं।

25 र अब उनको पच्चीस वर्षको लामो जाँच पछि, र, कमजोर हुदै जानुको सट्टामा, उनी अझै बलियो हुदैँ गए। बुझ्नुभयो, यदि त्यो पहिलो वर्षमा हुन आउदैन भने, अर्को वर्ष त्यहाँ अझै महान् चमत्कार हुनेछ, किनभने त्यो दुइ वर्ष पुरानो भईसकेको छ। र जसै उनी बृद्ध हुदै गए, उनले ती वर्षहरु पुन्जित गरे, र उनको शरीर मर्दै गए। साराको कोख, उनको कोख, या त्यो बाँझो हुदैगयो। र त्यसकारण उनको बल हराउदै गएको थियो, र त्यहाँ... त्यो पूर्णरूपले असम्भव थियो।

26 तपाईले कहिल्यै सोच्नुभएको छ परमेश्वरले त्यहाँ के गर्नुभएको थियो? बुझ्नुभयो, उहाले कहिल्यै उनको कोख मात्र खोल्न सक्नुहुन्न। किनकि, याद गर्नुस्, यदि उहाले त्यहि मात्र गर्नुभयो भने, तब याद गर्नुहोस् यदि उहाले त्यो गर्नुभयो भने...तिनीहरुसंग बच्चालाई गाईको दूध दिनलाई यी स्वास्थ्य र स्वच्छ बोतल ती दिनहरुमा थिएँन। बुझ्नुभयो? उहाले यो पनि...उनको दूधको नशा पनि सुकिसकेको थियो। त्यसैले उहाले—उहाले त्यो मात्रै गर्नसक्नु भएन...त्यहाँ केहि कुरा हुननै पर्ने थियो।

27 त्यसपछि, स्त्रीलाई हेर्नुहोस्, एक सय वर्षको बूढी, त्यो संघर्षबाट जानलाई। उनको मुटु नै उभिन सक्दैनथ्यो होला। त्यो अहिलेको स्त्रीको लागि कठिन कुरा हो, चालिस वर्षकोलाई यो गर्न कठिन कति कुरा हो। उनको मुटु उभिननै सकेको थिएन होला। त्यसैले तपाईलाई थाहा छ उहाले के गर्नुभयो? यदि तपाईले ध्यान दिनुभयो भने...

28 अब म जान्दछु कि धेरै जना असहमत हुनसक्छन्। यदि यो टिप्पणी भन्नको लागि ठिकै छ भने? बुझ्नुभयो, म...यो मात्र मेरो सोचाई हुनसक्छ।

29 बुझ्नुभयो, बाइबल एक अलौकिक पुस्तक हो। यो यसरी लेखियो ताकि यो बिद्यालयहरु, धर्मशास्त्रीहरु बाट लुक्न सकोस्। कतिजनालाई यो कुरा थाहा छ? येशूले परमेश्वरलाई धन्यवाद दिनुभयो। उहाले भन्नुभयो, "म तपाईलाई धन्यवाद दिन्छु, पिता, तपाइले यी कुरा बुद्धिमान् र समझदारबाट लुकाएर राख्नुभयो, र बालकहरुमा प्रकट गर्नुभयो जस्तो तिनीहरु सिक्छन्।" यो प्रेमको पुस्तक हो। जब परमेश्वरको प्रेम हाम्रो हृदयमा आउछ, तब तपाई परमेश्वरसंग प्रेममा पर्नुहुन्छ, तब उहाले आफैलाई प्रकट गर्नुहुन्छ, बाइबलको अर्थ देखाउछ। बाइबलको व्याख्या नै परमेश्वर आफैले आफ्नो प्रतिज्ञाहरु व्याख्या गर्नु हो। तर, बाइबल, यो रेखाको बिचमा लेखिएको हो।

30 अब, मेरो श्रीमती जस्तै, ओ, उनी यो संसारकै सबैभन्दा अति अद्भुत स्त्री हुन्, र म उनलाई वास्तवमै प्रेम गर्छु। उनले मलाई प्रेम गर्छिन्। त्यसैले जब घरबाट टाढा हुन्छु, उनी मलाई चिट्ठी लेख्छिन्, भन्छिन्, "प्रिय बिल, आज राति भर्खरै बच्चाहरुलाई मैले सुताए। मैले आज लुगा धोए," र जे जति उनले गरिन्, र अरु त्यस्तै कुराहरु। अब उनले यी कुराहरु चिट्ठीमा भन्दैछिन्। तर, तपाई देख्नुहुन्छ, म उनलाई धेरै प्रेम गर्छु, र हामी कति एक हुने कोषिस गर्छौं, जब सम्म म—म त्यो लाईन को बिचमा पढ्नसक्छु। म जान्दछु कि उनी के भन्न चाहन्छिन् भनि, बुझ्नुभयो, उसले मलाई त्यो भनोस् या नभनोस्,

बुझ्नुभयो। म—म जान्दछु उसको कुराको अर्थ, किनभने त्यो उसको लागि मेरो प्रेम हो, र मेरो समझदारीपन हो।

31 ठिक छ, त्यहि तरिकामा बाइबल लेखिएको हो। बुझ्नुभयो? ती—ती विद्वानहरु ठिक त्यसको माथिसम्म पुग्छन्; तर तिनीहरुले त्यो कहिल्यै पाउदैनन्। बुझ्नुभयो, तपाई वचनसंग, उहामा प्रेममा पर्नुपर्दछ, "उहालाई चिन्नको लागि।" बुझ्नुभयो?

32 अब, अब यहाँनिर, हेर्नुहोस् उहाले के गर्नुभयो। अब अब्राहाम र सारा दुबैजना बृद्धा थिए, बाइबलले भन्छ, "धेरै ढल्किसकेको"। बाइबलले भन्छ कि, "तिनीहरुको उमेर धेरै ढल्किसकेको थियो।"

33 अब ध्यान दिनुहोस्, स्वर्गदूत देखा पर्ने बित्तिकै, जसको विषयमा हामी बोल्दै थियौ; जो एलोहिम, परमेश्वर हुनुहुन्थ्यो। र उहाले भन्नुभयो, अब्राहामलाई भन्नुभयो, "म तँलाई जीवनको समय अनुसार भेट्न आउनेछु।" अब सबै माध्यमबाट तल हेर्नुहोस्, तिनीहरु एक प्रकारको मण्डली थियो, सबै मार्गको माध्यमबाट।

34 अब हेर्नुहोस्। यहाँ के भएको छ। अब, उहाले सारा र अब्राहामलाई जोड्नु मात्रै भएन। उहाले तिनीहरुलाई फेरी जवान पुरुष र स्त्रीमा परिवर्तन गर्नुभयो। अब त्यो धेरैलाई अनौठो लाग्न सक्छ, तर अब बाकि रहेको वचनलाई हेर्नुहोस्, र त्यसलाई एक ठाउमा मिलाएरा राख्नुहोस्। वचन प्रेरित हो, र तपाई चाहि वचन द्वारा प्रेरित हुनुपर्दछ। अब, याद राख्नुहोस्, त्यो भएपछि झट्टै, स्वर्गदूत देखा परेपछि झट्टै...

35 म केवल त्यो देख्न सक्छु, त्यो साराको खैरो कपाल, काँधमा शलसंगको सानो हजुरआमा, र सानो धुलोको ढक्कन, लट्ठी समातिरहेको, चारै तिर हिड्दै, "म, मेरो प्रभुसंग खुसी हुदै, उनको बुढेसकालमा, पनि?" बुझ्नुभयो? र यहाँ अब्राहाम थिए, यो लामो दारीमा, लट्ठी टेक्दै, जसै उनको उमेर धेरै ढल्किसकेको थियो।

36 र म देख्छु, अर्को बिहानीमा, उनको काँध सिधा हुन शुरु गर्यो, उनको कुप्रोपन ढाँडबाट निस्किदै गयो, साराको कपाल परिवर्तन हुदै गयो। तिनीहरु फेरी जवान पुरुष र स्त्री हुन पगे। मात्र यो देखाउदै हुनुहुन्थ्यो कि उहाले अब्राहामको राजकिय सन्तानलाई के गर्न जादैहुनुहुन्थ्यो, बुझ्नुभयो? जब हामी "एक पलमै परिवर्तन हुदछौ, आँखाको एक निमेषमा, र संगै माथि उठाई लगिनेछौ।"

37 हेर्नुहोस् के भयो। अब मलाई यो तपाईलाई प्रमाणित गर्न दिनुहोस्। अब तिनीहरुले आफु भएको त्यो ठाउबाट एउटा यात्रा गरे, त्यो गमोराबाट; गेरार सम्म गए, पलिश्तिको देशमा गए। के तपाईले ध्यान दिनुभयो? नक्शामा टिपोट गर्नुहोस्, त्यो कति टाढा छ। त्यो बुढो जोडीको लागि त्यो काफि यात्रा थियो।

38 र त्यसपछि, त्यो बाहेक, त्यहाँ पलिश्तिको देशमा, त्यहाँ एक जवान राजा थिए जसको नाउ अविमेलेक थियो, र उनले आफ्नो लागि श्रीमती खोज्दैथिए। र उनी संग ती सबै पलिश्ती स्त्रीहरु थिए, तर जब उनले हजुरआमा देखे, उनले भने, "उनी देख्नमा सुन्दरी छिन्," र उनको उनीसंग प्रेम बस्यो र उनीसंग विवाह गर्न चाहन्थे। यो ठिक हो। बुझ्नुभयो, उनी सुन्दरी थिइन्। बुझ्नुभयो?

39 उनी जवान स्त्रीमा परिवर्तन भएकी थिईन्। ध्यान दिनुहोस्, उनले छोरा जन्माउन पर्नेथियो। परमेश्वरले उनलाई नया सृष्टि बनाउनुभयो। र उनले त्यस बालकलाई हुर्काउन पर्ने थियो। र याद गर्नुहोस्, अब्राहाम, "उनको शरीर मरेतुल्य थियो," र सारा मरिन् जब अब्राहाम...जब इसाहाक पैतालिस वर्षका थिए, म विस्वास गर्छु, कि जब सारा मरिन्। र त्यसपछि अब्राहामले अर्को स्त्रीलाई विवाह गरे र छोरीहरु संगै सातओटा छोराहरु पनि थिए। आमेन।

40 बुझ्नुभयो, रेखाको बिचमा पढ्नुहोस्। त्यो एउटा प्रकार हो। यसले त्यसमा देखाउछ कि उहाले अब्राहामको सबै छोराछोरीलाई के गर्न जादैहुनुहुन्छ भनेर। केवल हामी त्यसमा नजिकिदैछौ अब, त्यसैले हाम्रो कुप्रेको काँध र सबै कुराले केहि फरक पार्दैन, मित्रहरु। र हाम्रो खैरो कपाल र जेसुकै अरु छ, त्यसले केहि फरक पार्दैन अब। हामी पछाडि फर्केर हेर्दैनौ। आउनुहोस् हामी अगाडि हेरौ जहाँ हामी जादै छौ।

41 र याद गर्नुहोस् यी चिन्ह जुन हामी देख्दैछौ, यो नै अन्तिम चिन्ह थियो जुन अब्राहाम र साराले प्रतिज्ञाको पुत्र अस्तित्वमा आउन अगाडि देखेका थिए। हामी विश्वास गर्छौं कि हामी त्यहि घडीमा छौ।

42 पिता, बच्चा जन्मिसके पछि...के तपाई कल्पना गर्न सक्नुहुन्छ इसाकलाई लगभग बाह्र वर्ष हुँदा; प्रेमिलो सानो, घुमाउरे–कपाल भएको केटा, सानो खैरो आँखा भएको? म कल्पना गर्नसक्छु कि त्यो आमालाई कस्तो महसूस भैरहेको थियो; सुन्दरी जवान स्त्री, र त्यसैले, र उनको पिता। र एकदिन, परमेश्वरले भन्नुभयो, अब, जस्तै उदाहरणको लागि; हामी बाटोबाट टाढा भईसकेका छौ, आउनेवाला समयबाट। "मैले तँलाई यस केटाबाट जातिहरुका पिता तुल्याएको छु, तर तैले यो केटालाई मैले देखाएको त्यो पर्वतको टुप्पोमा लगेको म चाहन्छु, र तैले त्यसलाई वलिदानको लागि त्यहाँ मारेको म चाहन्छु।" के तपाई त्यो कल्पना गर्न सक्नुहुन्छ?

43 अब तपाईलाई कहिल्यै त्यो तरिकाको परिक्षामा भएर जानको निम्ती भनिएको छैन। उहाले त्यो अहिले गर्नुहुदैन। त्यो उदाहरणहरु थियो, छायाहरूको रुपमा।

44 के अब्राहाम डराए? होइन, श्रीमान्। अब्राहामले यसो भने, "म पूर्णरुपले निश्चित छु कि उहाले त्यसलाई मृतमध्ये बाट उठाउन सक्षम हुनुहुन्थ्यो, किनकि मैले यसलाई मृत मध्ये बाट एकको रुपमा प्राप्त गरे। र यदि परमेश्वरको त्यो आज्ञाले मलाई यो गर्नको लागि भन्यो, र म त्यसमा स्थिर रहे, र त्यो भुक्तानी गरे, मलाई छोरा दिइएको छ गर्नको लागि, किनकि उहा त्यसलाई मरेकाहरु मध्येबाट उठाउन सक्षम हुनुहुन्छ, जसबाट मैले त्यसलाई एक आकारको रूपमा प्राप्त गरे।"

45 ओ, मित्र! यदि परमेश्वरले तपाई पेन्टीकोष्टलहरुलाई पवित्र आत्मा दिनुभयो, अन्य भाषाहरुमा बोल्ने, अझै कति धेरै तपाईहरुले उहाको चंगाईको शक्ति, र उहाको भलाई र अनुग्रहको विश्वास गर्नुपर्छ। यदि उहाले देशको सबै धर्मशास्त्रीको विरुद्धमा त्यो गर्नुभयो! तिनीहरुले भन्थे यो गर्न सकिदैन, तर परमेश्वरले यो गर्नुभयो किनभने उहाले त्यो प्रतिज्ञा

गर्नुभएको थियो। तब तपाईको बन्दुक, तपाईको वचन, तपाइको तरवारद्वारा खडा भएर, परमेश्वरको वचन विश्वास गर्नुहोस्। परमेश्वरले यसो भन्नुभयो, र त्यसले मामला सुल्झाउछ!

46 ध्यान दिनुहोस् अब उनले इसाकलाई त्यहाबाट तीन दिनको यात्रा गरेर खच्चडमा लगे। अब जब म गश्तिमा थिए तब हिड्न सक्छु, म तिस मिल सधै हिडे, जंगलबाट भएर हिडे; हाम्रो लागि गासोलिन पाउ थियो, भन्नुनै पर्दा। तर ती मानिसहरुसंग केवल यातायात भनेको, कि त गधा थियो या त हिड्नुपर्थ्यो। र उनी आफ्नो ठाउँबाट तीन दिनको यात्राको लागि गए, र उनले आफ्नो आँखा उठाए, बाहिर उजाडस्थानमा, र पवर्तलाई टाढा देखे।

47 उनले इसाकलाई लिए र उनको हातहरु बाने। जुन, हामी सबै जान्दछौ, यहाँ उत्पत्ति २२ मा, जो ख्रीष्टको चित्रण थियोव उनलाई माथि पर्वतमा लगे, हात बानिदिए, जसरी ख्रीष्टलाई पर्वतमा लगियो, कलवरीको डाँडामा; परमेश्वरले आफ्नो पुत्र दिनुभएको चित्रण थियो, निश्चय नै यहि हो।

48 तर जब तिनीहरु त्यहाँ पुगे, र उनी आज्ञाकारी थिए, इसाहाक एक प्रकारको शंकालू हुन शुरु भए। उनले भने, “पिता, यहा दाउरा छ, यहाँ वेदी छ, यहाँ आगो छ, तर बलिदान चाहि काँहा छ?”

49 र अब्राहाम जो कि आफ्नो मनमा थाहा थियो, तै पनि परमेश्वरको वचन त्यहाँ खडा थियो, उनले भने, “मेरो छोरा, परमेश्वरले आफ्नो बलिदान जुटाउन सक्षम हुनुहुन्छ।” उनले त्यो ठाउलाई, “यहोवा–यिरे” भने।

50 र जब उनले आफ्नो छोरालाई बाधे, उनि मृत्यु सम्मै आज्ञाकारी थिए; वेदीसम्म उनलाई ल्याए, म्यानबाट चक्कु बाहिर निकाले, र आफ्नै छोराको ज्यान लिन आँटे। र, जब उनले त्यो गरे, केहि कुराले उनको हात समात्यो, र भन्यो, “अब्राहाम, आफ्नो हात त्यहि राख्।”

51 र त्यो समयमा, एउटा भेडा उनको पछाडि झाडिमा सिङ्ग अल्झेर फसेको थियो।

52 तपाईले कहिल्यै सोच्नुभएको थियो, त्यो भेडा कहाँबाट आयो भनेर? याद गर्नुहोस् त्यो देश सिंहहरु र ब्वाँसाहरु र स्यालहरूले भरिएको थियो, र त्यो भेडा–भक्षण पशुहरु हुन्। र उनी सभ्यताबाट कति दुरी टाढा थिए र, त्यसपछि, डाँडाको टुप्पामा थिए, जुन ठाउँमा पानी थिएन। र उनले वेदी बनाउनको लागि वरपरका ढुंगाहरु टिपेका थिए। त्यो भेडा कहाँबाट आएको थियो? बुझ्नुभयो?

53 तर त्यो एउटा दर्शन थिएँन। उनले भेडालाई मारे; त्यसको रगत थियो। उनले के भने? “परमेश्वरले आफ्नो निम्ति बलिदान जुटाउन सक्षम हुनुहुन्छ।”

54 *तिमी* त्यो कुर्सीबाट बाहिर निस्केर कसरी आउन सक्छौ? *त्यो* सुस्त मनस्थिति बालक कसरी निको हुनेवाला छ, या *तिमी* त्यो कुर्सीबाट कसरी आउनेछौ, *तिमी* त्यहाँ बाट, *तिमी* मुटुको समस्याबाट कसरी निस्की आउनेछौ? मामला जे सुकै होस्, “परमेश्वरले आफ्नो निम्ति आफै जुटाउन सक्षम हुनुहुन्छ।”

55 अब्राहामले विश्वास गरेका थिए। पिता अब्राहाम प्रतिज्ञामा साँचो भई बसे। र उहाले प्रतिज्ञा दिनुभयो, कि, “तेरो सन्तान! किनभने तैले मेरो वचन विश्वास गरिस्, र जस्तो सुकै परिस्थिति भए पनि, तेरो सन्तानले शत्रुहरुको शहरहरु कब्जा गर्नेछन्।”

56 किन? प्रत्येक शत्रु जो आकृतिको रुपमा अब्राहामको विरुद्धमा आउदछ, अब्रा... दुश्मनको, “ऊ अति बुढी छिन्। म अति बुढो छु। *यी* सबै, र सबै कुराहरु।” उनी अझै पनि प्रतिज्ञामा ठिक साचो भई बसिरहे।

57 अब, त्यो मानिस जसले त्यो विश्वास धारण गर्छ, अझै पनि त्यसले परमेश्वरको वचन जस्तो सुकै परिस्थिति आए पनि लिईरहन्छ। अब, यदि तपाई त्यो गर्नसक्नुहुन्न भने, तपाई अब्राहामको सन्तान होइन। त्यहि नै विश्वास हो जुन अब्राहामको थियो र उनको सन्तानमा हुदछ।

58 अब्राहामको प्रतिज्ञा उनको “सन्तान” थियो, अब उनको राजकिय सन्तान पनि हो, जस्तो मैले तपाईलाई केहि समय अघि भनेको थिए। र त्यो छाप जुन उहाले अब्राहामलाई दिनुभयो, त्यो प्रतिज्ञाको छाप थियो। र राजकिय सन्तान, जुन एफिसी ४:३० अनुसार छ, त्यो “पवित्र आत्माद्वारा छाप लगाईएको छ” जुन तिनीहरु परिक्षामा खडा भए पश्चातको हो। यसको विषयमा सोच्ने कोशिष गर्नुहोस्।

59 धेरैले सोचेका छन् कि तिनीहरुले पवित्र आत्मा पाएका छन्। धेरै पवित्र आत्मा आफुसंग भएको दाबी गर्छन्। धेरै धेरै प्रमाणहरु र चिन्हहरु देखाउन सक्छन्। तर, अझै पनि यदि त्यो वचनसंग रहदैन भने, त्यो पवित्र आत्मा होइन। बुझ्नुभयो?

60 तपाई प्रत्येक वचन विश्वास गर्नुहुन्छ, त्यसपछि तपाई परीक्षा पश्चात छाप लगाईनुभएको छ। जब हामी वचनको हरेक प्रतिज्ञा विश्वास गर्छौं, तब हामी पवित्र आत्माद्वारा प्रतिज्ञाको पुष्टि गरिनको लागि छाप लगाईएका छौ। त्यहि नै, त्यहि नै तरिकामा अब्राहामले गरेका थिए। तब, र तब मात्र, हामीसंग शत्रुहरुको शहर कब्जा गर्ने अधिकार हुदछ। तबसम्म तपाईले त्यो गर्नसक्नुहुन्न जबसम्म पहिले तपाई त्यो सन्तान बन्नुहुँदैन। बाईबलमा याद गर्नुहोस्...

61 मैले यस विषयमा ह्युस्टन या अर्को कुनै ठाउमा बोलेको थिए, अर्को...या, मैले भन्न खोजेको डल्लासमा हो। *चिन्ह।*

62 बुझ्नुभयो, एक—एक यहुदीले देखाउन सक्छु, तल इस्रायलमा, उनी यहुदी हु भनि खतनाद्वारा देखाउन सक्दछ। तर परमेश्वरले भन्नुभयो, “जब म रगत देख्नेछु, र त्यो रगत तिमीहरुको चिन्ह हुनेछ।”

63 रगतमा भएको जीवन उपासकरुमा आउन सक्दैन, किनभने त्यो पशुको जीवन थियो, त्यो वास्तविक जीवनको एउटा छाँया मात्र थियो। त्यसपछि, रशायनशास्त्र चाहि, त्यो रगत आफै, त्यो ढोका र ढोकाको चौकोसमा रातो हुन पर्थ्यो।

64 हिस्सोपद्वारा लगाईनुपर्थ्यो, जुन एउटा सधारण सामा थियो, जसले तपाईमा अत्याधिक विश्वास हुनपर्छ भन्ने छैन भनि देखाउथ्यो। तपाईमा केवल त्यहि विश्वास हुनुपर्दछ, जस्तो कि तपाईले आफ्नो कार शुरु गरेर, मण्डलीमा आउनु जतिको विश्वास

हुनुपर्छ। बुझ्नुभयो? धेरै मानिसहरुले सोच्छन् कि तिनीहरु केहि बन्नुपर्दछ...तर, होइन, होइन, त्यो गलत हो। मात्र एक सामान्य विश्वास रगतमा लागू गर्नुपर्दछ। वचनलाई सुन्नुहोस्, र वचनलाई विश्वास गर्नुहोस्, त्यसलाई लागू गर्नुहोस्, त्यहि नै सबै हो। पलिश्तीको देशमा जहाकहि मात्र सामा उठाउनुहोस्, जुन एक हिस्सोप थियो, चर्केको पर्खालहरुमा बढेको एउटा सानो पौधा, र चारैतिर, तिनीहरुको रगतमा डुबाएको र ढोका र ढोकाको चौकोसमा लगाएदिनुहोस्।

65 र, याद गर्नुहोस्, मलाई वास्ता छैन तिनीहरु कतिसम्म करारमा थिए, कतिसम्म यहुदीहरुले खतना गरिएको भनी देखाउन सक्थे, र ऊ कति असल व्यक्ति थिए, सबै करार रद्ध हुन्थ्यो जब सम्म त्यहाँ चिन्ह हुदैन थियो। "जब म मात्र रगत देख्दछु।"

66 अब, रगत अब, त्यो चिन्ह, त्यो रशायनशास्त्र थिएन, त्यो ख्रीष्टको रगतको रशायन थियो, "किनकि त्यो हजारौ वर्ष अगाडि बगाईएको थियो।"

67 तर तपाई देख्नुहुन्छ, जहाँ...जहाँ रसायन हुनुपर्दथ्यो, पशुको जीवन मानिसमा आउन सक्दैनथ्यो, किनभने पशुको जीवनमा प्राण हुदैन। पशुलाई गलत कुराबाट सहि कुरा थाहा हुदैन। त्यो मानव जाति हो जसमा प्राण हुन्छ।

68 अब, तर जब येशू, परमेश्वरको पुत्र, कन्याद्धारा जन्मिएको, जब रगत उनले बगाए, त्यो जीवन जुन रगतमा थियो त्यो स्वयम् परमेश्वर हुनुहुन्थ्यो। बाईबलले भन्छ, "हामी जीवनबाट बचाईएका छौ, परमेश्वरको रगतद्धारा।" यहुदीको रगतद्धारा होइन, अन्यजातिको रगतद्धारा होइन; तर परमेश्वरको जीवनबाट। परमेश्वरले यो रगतको जिर्ण (सेल) सृजना गर्नुभयो, कन्याबाट जन्मनुभयो। उनले कुनै पुरुषसंग सहवास गरेकि थिईनन्, न त उनले...न त अण्डकोष उनीबाट आयो।

69 मलाई थाहा छ तपाईहरु धेरैले अण्डा उनीबाट आएको विश्वास गर्न चाहनुहुन्छ। उत्तेजना बिना अण्डा त्यहा हुननै सक्दैन, त्यसोभए परमेश्वरले के गर्नुभयो त? बुझ्नुभयो?

70 उहाले दुवै अण्डा र रगतको जिर्ण (सेल) सृजना गर्नुभयो, र त्यो परमेश्वरको पवित्र वासस्थान थियो। "म मेरो पवित्र जनलाई कुहुँन दिने छैन।" बुझ्नुभयो? अण्डा कहाबाट आयो? "न त उसको प्राणलाई चिहानमा छोड्नेछु।" उहाको शरीर पवित्र थियो! ओ! तपाईले, तपाईले त्यो विश्वास गर्न सक्नुहुन्न, कसरी तपाईले आफैलाई इसाई भन्न सक्नुहुन्छ?

71 "हामी परमेश्वरको रगतद्धारा बचाईएका हौ।" त्यहि नै मेरो विश्वास रहेको छ। अगमवक्ताको रगतमा हिड्ने होइन, एक साधारण मानिसको रगतमा हिड्ने होइन, न त शिक्षकको, या धर्मशास्त्रिकोमा। हामी परमेश्वरको रगतमा हिड्छौ। परमेश्वरले त्यहि भन्नुभयो। उहा मानव जाति बन्नुभयो। उहाले आफ्नो किसिम परिवर्तन गर्नुभयो। उहाले हामो सामू आफ्नो तम्बू फैलाउनुभयो र हामी मध्येको एक बन्नुभयो। उहा हाम्रो कुटुम्बी छुटकारा दिलाउनुहुने हुनुहुन्छ। उहा हाम्रो कुटुम्बी हुनपर्ने भयो, किनकी त्यहि व्यवस्था थियो। परमेश्वर मानिस बन्नुभयो र हामीमाँझ वास गर्नुभयो।

72 ध्यान दिनुहोस्, कसरी त्यो, यो गरेर, उहा आउनुभयो उहाबाट, उहा परमेश्वर हुनुहुन्थ्यो, जो आत्मा हो, र त्यो आत्मा विश्वासीहरुमा बन्नुभयो। त्यसैकारण, हाम्रो बलिदानमा भएको जीवन, हामी त्यहि जीवनबाट पहिचान भएका छौ।

73 तब कसरी तिनीहरुले परमेश्वरको जीवन हामीमा चहलपहल गरेको देख्नसक्छन्, र त्यसलाई अशुद्ध कुरा भन्न सक्छन्, जबकि त्यो हाम्रो बलिदानको हाम्रो पहिचान हो? "तिनीहरु जसले म मा विश्वास गर्छन्, मैले गरेका कामहरु तिनीहरुले पनि गर्नेछन्।" उहाको जीवन फर्केर...बलिदानबाट फर्केर आउछ, जसै हामी, त्यसमाथि हात राख्छौ र आफ्नो विचारहरुबाट मृत भएको हामी पहिचान गराउदछौ। तब कसरी हामी संगठित मण्डलीहरुबाट आफैलाई झुटा सिद्धान्त र अरु कुराहरुमा धकाल्न सक्छौ, र म विश्वास गर्छु भन्नसक्छौ? हामी ती कुराहरुको लागि मृत छौ।

74 पावलले भनेका थिए, "यी कुनै पनि कुराहरुले मलाई चिन्ता दिदैंन।" किनभने उनी निरपेक्ष ख्रीष्टमा बाधिएका थिए। र सबै उपलब्धी निरपेक्षतामा बाधिएको हुन्छ, र मेरो निरपेक्ष चाहि वचन हो। र ती सबै जो—जो वास्तविक रूपमा आत्माले जन्मिएका छन्, तिनीहरुको निरपेक्षता परमेश्वरको वचन हो। म त्यसमा बाधिएको छु। म मेरो हात त्यसमाथि राख्दछु। र त्यसले मेरो स्थान लियो, मैले आफैलाई उहामा पहिचान गराएको छु। हामी जान्दछौ कि उहाले आफैलाई हामीमा पहिचान गराउनुहुन्छ भनि प्रतिज्ञा गर्नुभएको थियो। त्यसले साँचो विश्वास ल्याउछ; तपाईको आफ्नै विश्वास होइन, तर उहाको विश्वास; यस्तो कुरा जुन तपाईले नियन्त्रण गर्नुहुदैन। उहाले नियन्त्रण गर्नुहुन्छ। अब ध्यान दिनुहोस्। तब, र तब मात्र, जब...प्रतिज्ञा तपाईमा बनाईन्छ।

75 त्यसले वास्ता राख्दैन कि तपाईले कति धेरै मण्डलीमा शामिल हुनुभयो, कति धेरै चोटि बप्तिस्मा हुनुभयो; अगाडि सामु, पछाडितिर, जुनै पनि तरिकामा तपाई चाहनुहुन्छ। त्यो छाप तपाईमा नराखिएसम्म, तपाईले त्यो तपाईको बलिदानसंग जोडिएको छु भनि भन्न पाउने अधिकार तबसम्म तपाईमा हुदैन।

76 र परमेश्वरको छाप चाहि के हो त? एफिसी ४:३० ले भन्छ, "पवित्र आत्माको निन्दा नगर, जसमा तिमीहरु आफ्नो उद्धारको दिनसम्म छाप लगाईएका छौ।" एउटा जागृतिदेखि अर्कोसम्म होइन, तर तिमीहरुको उद्धार हुने दिनसम्म अनन्त छाप लगाईएका छौ।

77 र, याद गर्नुहोस्, यदि तपाई कहिल्यै पनि परमेश्वरको सोचाईमा हुनुहुन्नथ्यो भने, तपाई कहिल्यै पनि परमेश्वरसंग हुनुहुनेछैन। कति जनालाई थाहा कि उहा उद्धारकर्ता हुनुहुन्थ्यो? [सभाले भन्छन्, "आमेन।"—सम्पा] ठिक छ, त्यसो भए, कुनै पनि उद्धार गरिएको कुरा फर्केर त्यहा आउनुपर्दछ जहाबाट त्यो खसेको थियो। त्यसैकारण यदि उहा हामीलाई उद्धार गर्न आउनुभयो भने, कसरी हामी, हामी एक समय उद्धार गरिनुपर्ने अवस्थामा थिएनौ, र हामी सबै, "म पापमा जन्मिए, अधर्मी भई आए, र झुटो बोल्दै संसारमा आए"? यसले यो देखाउछ कि वास्तविक इसाई परमेश्वरको गुण हुन्, संसार हुनुभन्दा अघि, या एउटा तारा, या हावा, कुनै पनि कुरा। यो अनन्त हो र उहा हामीलाई उद्धार गर्न आउनुभयो। त्यो परमेश्वरको विचार वचनमा भई बोलिएको हो, प्रकट गरियो र...उहाको विचारमा फर्काईयो।

78 कुटुम्बी छुटकारा दिनेवाला! त्यहि नै कारणले परमेश्वर हामी मध्येको एक बन्नुपर्यो, हाम्रो उद्धार गर्नको निम्ति। अरु कोहिले त्यो गर्न सक्दैन थियो। स्वर्गदूतले गर्न सक्दैन थियो, कोहिले गर्नसक्दैन थियो। हाम्रो उद्धारको निम्ति, उहा तल आउनु पर्थ्यो, हामी जस्तै परिक्षामा परिनुपर्थ्यो।

79 अब अब्राहामको शारीरिक सन्तानलाई ध्यान दिनुहोस्। आउनुहोस् ती केहि शारीरिक सन्तानलाई जाँचेर हेरौ, र हेरौ यदि परमेश्वरले आफ्नो वचन शारीरिक सन्तानमा राख्नुभयो, जो इसाक थियो। आउनुहोस् ती केहि शारीरिक सन्तानलाई जाँचेर हेरौ जसले परमेश्वरको पुरा प्रतिज्ञा विश्वास गरेका थिए र कुनै प्रश्न राखेनन्। अब, याद गर्नुहोस्, त्यहाँ हजारौ बार हजारौ चोटि हजारौ गुणा हजारौ खतना गरिएका र सबै कुरा गरिएका थिए, र अझै पनि अब्राहामको सन्तान थिएनन्। निश्चय नै, “तिनीहरु जो बाहिर बाट यहुदी हुन् ती यहुदी होइनन्; जो भित्र यहुदी हुन् तिनीहरु यहुदी हुन्।” तिनीहरु, धेरै जना असफल भए, तितो रूपले असफल भए।

80 हेर्नुहोस्, उजाडस्थानमा, तिनीहरुले भने, “हामी...” निस्तारको दिनमा वा त मुहान बाट पिउदा, सन्त यूहन्ना छ अध्यायमा। तिनीहरु सबै आनन्द मनाईरहेका थिए।

81 येशूले भन्नुभयो, “म त्यो चट्टान हु जुन उजाडस्थानमा थियो। म त्यो रोटि हु जुन परमेश्वरबाट, स्वर्गबाट बाहिर आए, त्यसकारण यदि मानिसले खायो भने त्यो मर्नेछैन।”

82 तिनीहरुले भने, “हाम्रा पूर्खाहरुले उजाडस्थानमा चालिस वर्षसम्म मन्न खाए।”

उहाले भन्नुभयो, “र तिनीहरु, प्रत्येक, मृत छन्।”

83 *मृत*, त्यो शब्द लिउ र हिड, बुझ्नुभयो? यसको अर्थ के हो, “अनन्त सम्म अलग गरिएको।” र पनि तिनीहरु अब्राहामका सन्तान थिए। *मृत्यु*को अर्थ “अलग गरिएको, विनाश, पूर्ण रूपले नष्ट भएको, विनाश गरिएको।” येशुले भन्नुभयो तिनीहरु मरेका थिए, तिनीहरु प्रत्येक, र पनि तिनीहरु खतना गरिएका यहुदीहरू थिए।

84 हेर्नुहोस्, गरिब मानिसहरु, हामी मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरियन भएकै कारणले मात्रै, अलिकति स्वीकार गरेकै भरमा, अरु त्यस्तै कुरा; दुष्टले पनि हामीले गरेको जत्ति विश्वास गर्छन्।

85 तर त्यसमा तपाईको पहिचान हुनुपर्दछ। परमेश्वरले त्यसलाई त्यसमा पवित्र आत्माको छापद्वारा साक्षी दिनुपर्दछ। वचन कुनै प्रश्न रहितमा हुनुपर्दछ।

86 यदि तपाइले भन्नुहुन्छ, “ठिक छ, अब त्यो अरु दिनको लागि थियो,” त्यहाँ केहि गलत छ।

87 के यदि कुनै व्यक्ति कुद्दै तपाई कहाँ आउछ, र तपाईले त्यसलाई बत्ति चम्किरहेको थियो भन्नुहुन्छ, र त्यो व्यक्ति भुइँतलामा दौडेर जान्छ, भन्छ, “मैले भर्खर त्यसलाई नकारे। मैले भर्खरै त्यसलाई इन्कार गरे। त्यहाँ कुनै पनि उज्यालो भन्ने कुरा छैन। म त्यो विश्वास गर्दिन”? त्यहाँ त्यो व्यक्तिमा केहि गलत छ। त्यो मानिस मानसिक रुपमा रोगि

हुनसक्छ। यदि त्यो व्यक्तिले त्यसको न्यानो किरण र त्यसको जीवन दिने श्रोत इन्कार गर्छ भने, त्यहाँ त्यो व्यक्तिमा केहि मानसिक समस्या हुनुपर्दछ।

88 र जब मान्छेले परमेश्वरको वचन देख्दछ, उनको अगाडि सरल बनाईदछ, र पहिचान गराईदछ, र त्यस व्यक्ति संगठित संस्थाको पर्दा तानेर बन्द गराईदछ, त्यस मानिसमा आत्मिक रूपमा केहि समस्या हुनुपर्दछ। त्यहाँ केहि आत्मिक रुपमा खराबी छ। उसले केवल प्राप्त गर्न सक्दैन। "अन्धो छ, र जान्दैन," इन्साफ जादैछ, र परमेश्वर न्यायधीश हुनुहुनेछ।

89 ध्यान दिनुहोस्, जब तिनीहरुले—तिनीहरुले यो गरे, र यी सन्तानहरु जसले यो विश्वास गरेका थिए, हेर्नुहोस् के भयो। आउनुहोस् केहि अब्राहामका सन्तानहरुलाई जाँचौ।

90 आउनुहोस् हिब्रुहरुका छोराछोरीहरुलाई लिऔ, किनकि तिनीहरु सत्यनिष्ठा भई बसे र मूर्ति पुजा सहदैन थिए। तिनीहरुले त्यो आकृतिको अगाडि झुक्न इन्कार गरे जुन त्यस देशका राजाले बनाएका थिए। त्यो एक पवित्र मानिस दानियलको आकृतिमा पनि बनाईएको थियो।

91 यो देखाउथ्यो कि अन्यजातीको वंश झुटो कुरा तर्फि ल्याईएको थियो, जुन पवित्र मानिसको स्वरूपमा मूर्ति पुजामा ल्याईएको थियो। यो त्यहि तरिकामा बाहिर जान्छ, जब मानिसहरुलाई मान्छेको प्रतिरूपमा मूर्ति पूजा गर्न बाध्य पारिन्छ। यो दानियलको प्रकाशद्वारा जुन वचनको अर्थ खोल्न सक्ने क्षमताले, जुन पर्खालमा लेखिएको हस्तलेखमा थियो। त्यहि तरिकामा भित्र आयो, र त्यहि नै तारिकामा बाहिर जान्छ, त्यहि तरिकामा अन्यजातिको प्रतिरूपमा।

92 ध्यान दिनुहोस्, तिनीहरुले त्यसो गर्न इन्कार गरिदिए। र तिनीहरुले के गरे? तिनीहरु अब्राहामका सन्तान थिएजो वचनमा सत्य खडा भए, र तिनीहरुले शत्रुको शहर कब्जा गर्न सके, जुन आगो थियो। तिनीहरुले त्यो गरे। ठिक छ, परमेश्वरको वचन सत्य छ।

93 दानियल, एक साँचो पर्मेश्वरको उपासनाको निम्ति उनको परीक्षा गरिएको थियो। उनलाई त्यसको निम्ति परीक्षा गरिएको थियो। र त्यो परीक्षाको समयमा उनी परीक्षामा खडा भए। र परमेश्वरले के गर्नुभयो, जब उहाको निम्ति त्यो अति जटिल अवस्था जस्तो देखिएको थियो, जस्तो हामीले भन्ने गर्छौ? र तिनीहरुलाई थाहा थिएन के गर्ने भनेर। तिनीहरुले उनलाई सिंहलाई खुवाउन जादैथिए। तर दानियल परीक्षामा साँचो नै भई खडा रहे, त्यहाँ एक साँचो परमेश्वर हुनुहुन्छ भनि खडा रहे, र उनले शत्रुको शहरलाई कब्जा गरे। परमेश्वरले सिंहको मुख बन्द गरिदिनुभएको थियो।

94 ती झुटो नक्कल गर्ने, यान्नेस र याम्ब्रेसका अगाडि, परीक्षामा मोसा परमेश्वरको प्रतिज्ञा गरिएको वचनमा साँचो खडा भए। हेर्नुहोस्, पर्मेश्वरले उनलाई अलौकिक रूपमा भेट्नुभयो र त्यहाँ गएर यी कुराहरु गर्नको निम्ति भन्नुभयो, यी चिन्ह देखा भन्नुभयो, र प्रत्येक चिन्हको अवाज हुनेछ। मोसा ठिक तल गए, र उनले जाने अनुसार साचो रूपमा गरे। उनले लौरो फालिदिए, र त्यो सर्पमा परिणत भयो। तपाईलाई थाहा छ के भयो? यहा नक्कल गर्नेहरु आए र त्यहि काम गरे।

95 अब, मोसाले आफ्नो हात फालेनन, भन्यो, “ठिक छ, मलाई लाग्छ यो सबै गलत हो।” उनी त्यहि बसे र परमेश्वरलाई पर्खिरहे। उनी साँचो भई खडा रहे। त्यहा नक्कल गर्नेहरु किन नहोस्, उनी सत्य भएर बसे। र जब उनी आफ्नो आज्ञामा साँचो भए भासे, आफ्नो मानिसहरुलाई त्यस ठाउबाट निकालेर ल्याउने, जब पानीको ढोका उनको बाटोको विचमा आयो, परमेश्वरले उनलाई त्यसमाथि कब्जा गर्न दिनुभयो, र उनले त्यो ढोका आगोको खामो जसले उनलाई अगुवाई गराउदै थियो त्यसद्वारा उनले पानी खोलिदिए। उनले मानिसहरुलाई प्रतिज्ञाको देशमा ल्याए।

96 यहोशू, अर्को महान् अगुवा हुन्। मात्र ती मध्ये दुइजना...प्रतिज्ञाको देशमा गए, यहोशू र कालेब। उनीहरु कादेश भन्ने ठाउमा आईपुगे, जुन त्यस समयमा संसारको केन्द्र थियो, एक तरिकाले त्यो न्यायको कुर्सी थियो। र, ओ, तिनीहरुले बाह्रजना जासूस त्यस देशमा पठाए, र बाह्रजना फर्केर आए।

97 दशजनाले भने, “ओ, यो अति धेरै काम हो। हामीले यो बस गर्न सक्दैनौ, हामी तिनीहरुको अगाडि फटेंग्रा जस्तै देखिन्छौ।”

98 तर यहोशूले के गरे? उनले मानिसहरुलाई चुप गराए। उनले भने, “एक मिनेट पर्खिऊ। हामी यो लिनभन्दा बढि सक्षम छौ, हामी जतिसुकै सानो किन नहोस्, या जस्तिसुकै अल्पसंख्यक किन नहोस् त्यसले केहि गरक पर्दैन।” उनी के गर्दै थिए? उनी त्यस प्रतिज्ञामा साँचो भई खडा हुदैथिए, “म यो देश तिमीहरुलाई दिदछु” तर तिमीले यस प्रत्येक इन्चको लडाई गर।

99 तपाई त्यो विश्वास गर्नुहुन्छ, आमा? परमेश्वरले तपाईलाई तपाईको चंगाई दिनुभएको छ, तर तपाईले त्यसको प्रत्येक इन्ची लड्नुहुनेछ। “तेरा पैतालाले टेक्ने सबै जमिन, म तेरो कब्जाको निम्ति दिनेछु।” *पदचिन्हको* अर्थ हो “कब्जा।” ती सबै तिम्रो हो, सबै प्रतिज्ञा तिम्रो हो, तर अब तपाई बाटोको हरेक इन्चीमा लड्नुहुनेछ।

100 अब, परमेश्वरले के भन्नुभएको थियो भन्ने कुरा यहोशूले जानेका थिए। उनीहरु अब्राहामका सन्तान थिए। बुझ्नुभयो? उनले भने, “म विश्वास गर्छु कि, कि परमेश्वरले हामीलाई त्यस देश दिनुभयो, र हामी त्यो लिनभन्दा बढि सक्षम छौ।” र किनभने उनी परीक्षामा खडा रहे, ती पुरै इस्रायलीको समूह विरुद्ध, सबै कूल र सबै मानिसहरु विलाप गरे र रोए। “स्थिर रहो! परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ।”

101 चाहे जतिसुकै तपाई ठूलो किन नहोस्, र विपक्ष जे सुकै होस्, र बैद्यले जे सुकै भनोस्, परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ। त्यो गर्ने परमेश्वरको काम हो।

102 उनले के गरे? जब उनी तल यर्दनको नदिमा आए, उनले त्यो शहर कब्जा गरे। त्यहि नै हो जो उनले गरे।

103 कछुवा खोलभित्र लुकेको जस्तै गरी यरीहो बन्द गरियो। उनले के गरे? उनले शहर कब्जा गरे।

104 यहासम्म कि एक दिन जब उनको शत्रुले उनलाई लिन खोजे, उनले शत्रुको शहर यतिसम्म कब्जा गरेकि उनले सूर्यलाई स्थीर रहन आज्ञा दिए। र सुर्यले उनको आदेश माने र चौविस घण्टासम्म कहिल्यै फर्केन।

105 परमेश्वर आफ्नो प्रतिज्ञामा सत्यनिष्ठ हुनुहुन्छ, चाहे उहाले जे सुकै गर्नुपरोस्; आफ्नो वचन हार्नदिनुभन्दा अघि उहाले स्वर्ग नष्टनिधि गर्नुपर्छ। उहाले कुनै पनि प्रतिज्ञा कहिल्यै गर्नुभएन जुन उहाले पुरा गर्नुसक्नुहुन्न। "म प्रभु हु जसले तेरा रोगहरु निको पार्दछु। यदि तिनीहरुले विरामी माथि हात राखे भने, तिनीहरु निको हुनेछन।" आमेन। "यदि तिमीले विश्वास गर्छौ भने, सबै कुरा सम्भव छ।"

106 यहोशूले यस कुरामा विश्वास गरे, यद्धपि परमेश्वरले पृथ्वीलाई घुम्नबाट रोक्नुभयो। यसलाई कुनै अन्य शक्तिद्वारा, उहाको आफ्नै शक्तिद्वारा; कि संसार कहिल्यै पनि चौविस घण्टासम्म चलेन, जबसम्म यहोशूले आफ्नो शत्रूहरु माथि आफ्नै बदला लिएनन्। उनले शहरहरु लिए। निश्चयनै उनले यो गरे। परमेश्वर सधै सत्य हुनुहुन्छ।

107 अब हामीहरुसंग अझै धेरै नायकहरुको विषयमा जानलाई अधिक समय भएको म चाहन्थे तर मसंग अब मात्र दस मिनेट छ। यी सबै अमूल्य नायकहरुलाई हेर्नुहोस्, जसै तिनीहरु विश्वासका महान् योद्धाहरु थिए, तिनीहरु सबै मृत्युको द्वारमा मरेका थिए। तिनीहरु ठिक मृत्युको द्वारमा नाश भए।

108 त्यसपछि अब्राहामको राजकिय वंशसंग आउनुहोस्। तिनीहरु सबै शारीरिक सन्तान थिए, इसाहकबाट आएका थिए। तर यहाँ अब्राहामको राजकिय सन्तान आयो, जो ख्रीष्ट हुनुहुन्थ्यो, अब्राहामको विश्वासको सन्तान हुनुहुन्थ्यो; हामी कस्तो हुनुपर्थ्यो, केवल हेरौ कि हामी कसरी हो या होइन। शारीरिक सन्तान त मात्र एउटा प्रकार थियो। अरु सबैजना प्राकृतिक जन्मद्वारा जन्मिए, तर उहा एक कन्याद्वारा जन्मिनुभयो। बुझ्नुभयो, उहा अब्राहामको विऊको यहुदी हुनुहुन्न थियो। उहा प्रतिज्ञाको विश्वासको विऊद्वारा आउनुभयो। र, त्यसपछि, हामी उहाको छोराछोरीहरु हुनपर्ने थियो, यस मानिसद्वारा।

109 उहाले के गर्नुभयो त्यो ध्यान दिनुहोस्। जब उहा पृथ्वीमा हुनुहुन्थ्यो, उहाले जित्नुभयो, र शत्रुको भएको शहरहरु कब्जा गर्नुभयो; उहि राजकिय विऊले। उहाले यो वचनद्वारा प्रतिज्ञा गर्नुभयो। उहाले जित्नुभयो। उहाले हाम्रो निम्ति विमारीको द्वारलाई जित्नुभयो। त्यहि नै गर्न उहा आउनुभयो। उहाले, याद गर्नुहोस्, विमारी मानिसहरु, उहाले त्यो द्वार जित्नुभएको छ। तपाईले जित्नुपर्ने छैन; उहाले जित्नुभयो। अरु मानिसहरुले तिनीहरुको आफ्नै द्वार जित्नुपर्ने छ। तर तपाईले जित्नुपर्ने छैन; त्यो पहिले नै जितीएको छ। उहाले विमारहरुको द्वारलाई जित्नुभएको छ। उहाले के गर्नुभयो जब उहाले विमारहरुको द्वारहरुमा विजय प्राप्त गर्नुभयो? भन्दै हुनुहुन्छ कि त्यो हुनेछ...जे पनि तिमीले यस पृथ्वीमा माग्दछौ, र जे पनि तपाईले यस पृथ्वीमा बाध्नुहुनेछ, उहाले त्यसलाई स्वर्गमा बाध्नुहुनेछ, र ढोकाको साचाहरु हामीलाई दिनुहुँदछ।

110 उहाले परीक्षाको द्वारलाई वचनद्वारा विजय प्राप्त गर्नुभयो। र साचाहरु चाहि, "शत्रुको विरोध गर, र त्यो तिमीहरुबाट भाग्नेछ।" उहाले सबै जित्नुभयो; सबै विमारीहरुलाई जित्नुभयो।

111 उहाले मृत्युलाई जित्नुभयो, र नर्गलाई जित्नुभयो। उहाले मृत्यु र नरकलाई जित्नुभयो। उहाले त्यसलाई जित्नुभयो जुन अरुले जित्न सक्दैन, किनभने तिनीहरु प्राकृतिक विऊका थिए। यो अलौकिक विऊ थियो। उहाले चिहानको द्वारलाई जित्नुभयो, र तेस्रो दिनमा वौरी उठ्नुभयो, हाम्रो न्यायकरणको लागि।

112 "र अब हामीहरु विजयीभन्दा पनि बढि छौ।" हामी मात्र यसमा सहि भई हिड्दछौ, उत्तराधिकारको रूपमा, "विजयीभन्दा पनि बढि छौ।" अब हामी हारिसकेको शत्रुसंग व्यवहार गर्दैछौ। विमारीहरु हारिसकेको छ। मृत्यु पराजित भैसकेको छ। नर्ग पराजित भैसकेको छ। सबैकुरा पराजित भैसकेको छ। ओ; म मेरो आकारभन्दा दोब्वर भईदिएको भए, अहिले हुनसक्छ म दोब्वर रूपमा राम्रो महसूस गर्थे। हामीले जितिसकेको शत्रुसंग विवाद गर्दैछौ।

113 केहि आश्चर्य थिएन पावलले भन्न सक्थे, जब तिनीहरुले पर्खाल बनाउदै थिए, उनको शिर छिनाउनको लागि, उनले भने, "ओ, मृत्यु, तेरो खिल कहाँ छ? मलाई देखा कि कहाँ तैले मलाई छट्पट्टि र चिच्याउने बनाउन सक्छस्। चिहान, तेरो जित कहा छ, र तैले सोच्छस् कि तैले मलाई ढाल्न सक्छस्? म तलाई त्यहाँ भएका त्यो रित्तो चिहानमा देखाउछु; र म उहामा छु, उहाले मलाई अन्तिम दिनमा उठाउनुहुनेछ।" एक पराजित भएको शत्रु हो।

114 अब्राहामको राजकिय सन्तान, अब, प्राकृतिक विऊले त्यसमा देखाउन सक्दैन। तर राजकिय विऊले जित्न सक्छ, पहिलेनै जितिसकेको छ, किनकि उहा हामो अघि जानुभएको छ र सबै द्वारलाई हाम्रो निम्ति जित्नुभएको छ। उहा अहिले, दुइ हजारवर्ष पछि, उहा शक्तिशाली विजेता, उहा हाम्रो माझमा खडा हुनुहुन्छ। उहाले विमारीहरुलाई मात्र जित्नुभएन...उहाले विमारीलाई जित्नुभयो। उहाले परीक्षालाई जित्नुभयो। उहाले प्रत्येक शत्रुलाई जित्नुभयो। उहाले मृत्युलाई जित्नुभयो। उहाले नर्गलाई जित्नुभयो। उहाले चिहानलाई जित्नुभयो, र फेरी वौरी उठ्नुभयो। र दुइ हजार वर्ष पछि, यहा हामीमध्ये उहा खडा हुनुहुन्छ! आमेन। उहा अझै पनि यहा जीवित हनुहुन्छ, आफ्नो प्रतिज्ञा प्रमाणित गर्दै हुनुहुन्छ, जो अब्राहामको राजकिय विऊ हुनुहुन्छ! ओ! र शत्रु...

115 "उहाले आफ्नो शत्रुको शहरहरु जित्नुहुनेछ।" ती, विऊको लागि, उहा यहाँ जीवित प्रमाणित भई आफैलाई कसको निम्ति खडा राख्दैहुनुहुन्छ? ती चुनिएका विउहरु जसले यो देख्न सक्छन्। उहाले त्यसलाई जित्नुभयो। जो, आफ्नो परीक्षा पछि, वचनको प्रतिज्ञा अनुसार, पवित्र आत्माद्वारा उनीहरुलाई ख्रीष्टको शरीरमा छाप लगाईएको थियो, तिनीहरुलाई पुष्टि गरियो (के?) हिब्रू १३:८ पुरा गरियो। तिनीहरु त्यहाँ पवित्र आत्माद्वारा छाप लगाईएका छन्, त्यहि पवित्र आत्मा जो...जसलाई अब्राहामले पहिले नै देखेका थिए; विश्वासद्वारा उनले विश्वास गरेका थिए। र अहिले हामी यो प्राप्त गर्दछौ, उहाले प्रतिज्ञालाई

फर्केर हेरेर जुन उहाले भन्नुभएको थियो। र यूहन्ना १४:१२ यी अन्तिम दिनहरुमा पुष्टि गरिएको छ, उहा वौरी उठेका विजेताद्वारा।

116 कुनै प्रणालीले होइन; तर एउटा व्यक्ति, ख्रीष्ट, विजयीद्वारा भयो। मेरो मण्डलीले होइन, मेरो ब्याप्टिष्ट मण्डलीले होइन, या तपाईको प्रेस्बिटेरियन मण्डलीले होइन, मेथोडिष्ट, या पेन्टिकोष्टलबाट होइन; तर येशू ख्रीष्टबाट भयो। उहा आज जीवित हुनुहुन्छ। उहा त्यसबाट माथि उठ्नुभयो, हाम्रो न्यायबाट माथि।

117 र किनभने उहा जीवित हुनुहुन्छ, उहाले भन्नुभयो हामी पनि जिउछौ। "मानिस रोटीले मात्र बाँच्दैन, तर प्रत्येक वचनले बाँच्दछ," वचनको भागले होइन, "प्रत्येक वचन जुन परमेश्वरको मुखबाट निस्कन्छ।" "म पुरुत्थान र जीवन हुँ। जो जसले ममा विश्वास गर्दछ, त्यो मरे तापनि जिउनेछ। जोकोहीले ममा जिउछ र विश्वास गर्छ त्यो कहिल्यै मर्नेछैन। तिमी यो विश्वास गर्छौ?" सबै शत्रुको शहरलाई कब्जा गर!

118 त्यसले बोसवर्थलाई कसरी जित्नसक्छ, जब परमेश्वर...बोसवर्थ विजेताभित्र थिए। र त्यहि कारणले नै उहाले भन्नुभयो, "मेरो जीवनको खुसीमय घडि यहि नै हो।" अ, ह। उनले त्यो शक्तिशाली विजेतालाई जानेका थिए। उनको निश्चितता उहामा रहेको थियो। ओ, अब हामी गाउन सक्छौ:

> जिउनु, उहाले मलाई प्रेम गर्नुभयो; मर्नु, उहाले मलाई बचाउनुभयो;
> गाडिनु, उहाले मेरा पापहरु टाढा लैजानुभयो;
> जिई उठ्नु, उहाले सदाको लागि न्याय गर्नुभयो;
> कुनै दिन उहा आउदै हुनुहुन्छ, ओ महिमामय दिन!

119 तिनीहरु जो पराजित भएका देखिन्छन्। म विश्वास गर्छु कि उनी एड्डी पेर्रोनेट थिए, उनले आफ्नो इसाई गीतहरु विक्री गर्न सकेको थिएन। कोहिले त्यो लिन चाहेनन्। तिनीहरुको त्यससंग कुनै सरोकार थिएन। ओ, हारिएको, र एक विश्वासी! एक दिन, पवित्र आत्मा उहामाथि आउनुभयो। उनको शत्रुको द्वार, जसले उनको साहित्य लिदैन! आत्माले उनलाई प्रहार गरे, र उनले कलम लिए, परमेश्वरले उनलाई उद्घाटनको गीत लेख्न दिनुभयो।

> सबै जय होस् येशुको नाउको शक्तिमा!
> स्वर्गदूतहरुको गिरावट झर्न दिनुहोस्;
> राजकिय मुकुट ल्याऊ,
> र उहालाई सबैको प्रभुको ताज पहिर्याऔ।

120 अन्धो फ्यान्नी क्रोसबाई, एक समय। उनले भनिन्, "तपाइको निम्ति यसले के अर्थ दिन्छ?" केहि...उनले आफ्नो जन्म अधिकार बेचिनन् जस्तो कि पेन्टिकोष्टलका एल्भिस प्रेस्लीले बेचे, या जस्तो कि ख्रीष्टको मण्डलीका बूनले गरे, या जस्तो रेड फोलेले गरे, आफ्नो प्रतिभाहरु संसारलाई बेचिदिए; तिनीहरुले कार्डिलाक्सका तिव्रटा पाए, र दस

लाख डलर, सूनकै रेकर्ड पाए। तर फ्यान्नी कोर्सबाई आफ्नो स्थानमा साचो भई बसिन्। उनले कराएर गाए:

मलाई पार नगर्नुहोस्, ओ कोमल मुक्तिदाता,
मेरो नम्र पुकार सुन्नुहोस्;
जबकि अर्कोपट्टि तपाईलाई पुकारिरहेका छन्,
मलाई छोडेर नजानुहोस्।

तपाई मेरो आरामको धारा हुनुहुन्छ,
जुन मेरो जीवनभन्दा बढि छ,
तपाई बाहेक यस पृथ्वीमा मेरो को छ?
या स्वर्गमा तपाईबाहेक को छ र?

121 तिनीहरुले भने, “के गर्नुहुन्छ यदि तपाई स्वर्गमा जाँदा पनि अन्धो रहनुभयो भने?”

उनले भनिन्, “मैले उहालाई जसरी नी चिन्नेछु।”

भन्यो, “तिमी कसरी उहालाई चिन्नेछौ?”

उनले भनिन्, “मैले उहालाई चिन्नेछु।”

भन्यो, “श्रीमती क्रोसबाई, तपाईले दस लाख डलर कमाउन सक्नुहुन्थ्यो।”

उनले भनिन्, “म दस लाख डलर चाहदिन”

122 “तपाई उहालाई कसरी चिन्नुहुनेछ?” उनले भनिन्:

म उहालाई चिन्नेछु, म उहालाई चिन्नेछु,
र उहाको पक्षमा उद्धार गरिएकाहरुसंग खडा हुनेछु;
म उहालाई चिन्नेछु, म उहालाई चिन्नेछु।

123 “यदि मैले उहालाई देख्न सकिन भने, म उहाको काँटीले ठोकेको हातलाई महसूस गर्नेछु।” उनले आफ्नो शत्रुको द्वारलाई जितिन्। हो।

124 यदि तपाई ख्रीष्टमा हुनुहुन्छ भने! उहाले भन्नुभयो, “यदि तिमी ममा रह्यौ, र मेरा वचनहरु तिमीमा रह्यो भने, माग कुन साचो तिमी चाहन्छौ, माग कुन द्वार तिमी चाहन्छौ; जे पनि तिमी माग्नेछौ, र त्यो तिमीलाई दिईनेछ। यदि तिमी ममा रह्यौ, र मेरो वचन तिमीमा रह्यो भने, तिमीले कुनै पनि शत्रुको द्वार लिन सक्छौ जुन तिम्रो मार्गमा आउदछ।” तपाई अब्राहामको राजकिय सन्तान हुनुहुन्छ।

125 कुन खालको द्वार तपाईको अगाडि आउदछ? यदि त्यो विमारी हो भने, तपाई त्यसको लागि विजेताभन्दा अझै बढि हुनुहुन्छ। तब हामीले भन्न सक्छौ, यो अनुग्रहि पुरानो गाउनुहोस्।

पुस्तकको प्रत्येक प्रतिज्ञा मेरो हो,
प्रत्येक अध्याय, प्रत्येक पद...र अति दिव्य,
म उहाको दिव्य प्रेममा भरोसा राख्दछु,
किनकि पुस्तकको प्रत्येक प्रतिज्ञा मेरो हो।

126 हामी विजेता भन्दा अझै बढि छौ, र अब्राहामको सन्तानले शत्रुको शहरलाई कब्जा गर्नेछन्! जब तिनीहरुले यी कुराहरु हुन सक्दैन भन्नेछन्, जब तिनीहरुले यसलाई शैतान भन्नेछन्, या बालजिबुल भन्ने छन्, या अरु केहि भन्नेछन्, परमेश्वरले शत्रुको सबै द्वारलाई लिई विजेता हुनेमा निश्चय हुनुहुन्छ।

आउनुहोस् हामी प्रार्थना गरौ।

127 प्रभु, हुनसकोस् अब्राहामको सन्तानले...म जान्दछु तपाईले देख्नुहुन्छ, प्रभु। कसरी त्यो वचन वास्तविक जमिनमा नहानी अन्यथा खस्न सक्छ र? म प्रार्थना गर्छु कि तिनीहरुले अब बुझ्नेछन्। प्रार्थनाको लाईनमा आउने प्रत्येक व्यक्तिको चंगाई हुन सकेकको होस्।

128 प्रभु, यदि यहाँ भित्र अझै कोहि छन्, जसले अझै पनि आफ्नो पाप स्वीकारेका छैनन्, जो सार्वजनिक रूपमा त खडा भएका थिएनन् र ख्रीष्टको लागि खडा भए, जो सबै सिद्धान्त र चिसोपन, औपचारिक, मृत कुरा त्याग्न तयार छन् जसले तिनीहरुलाई तपाईबाट टाढा लगेको थियो। र अब तिनीहरु खडा हुन सकून् र भनून्, “म उहालाई मेरो मुक्तिदाताको रूपमा ग्रहण गर्छु।” तब तपाई तिनीहरुको निम्ति त्यस दिनमा खडा हुनुहुनेछ।

129 हाम्रो शिरहरु झुकाउदै गर्दा, यदि त्यहाँ कोहि छन् जो मात्र केहि क्षणको लागि खडा हुन चाहनुहुन्छ, प्रार्थनाको लागि, भन्नुहोस्, “म उहाको निम्ति अहिले खडा हुन चाहन्छु, ताकि त्यस दिन उहा मेरो निम्ति खडा हुनुहुनेछ; उहाको दिव्य उपस्थितिमा हुनेछ।” म तपाईलाई सोच्दछु, र तपाईको नाउ जीवनको पुस्तकमा स्थापित हुनको निम्ति अवसर दिदछु, यदि तपाई खडा हुनुभयो भने। म तपाईलाई कुनै मण्डलीमा शामिल हुनको निम्ति भन्दिन। म तपाईलाई ख्रीष्टमा आउनको निम्ति भन्दछु, यदि तपाई यहि हुनुहुन्छ र उहालाई जान्नुहुदैन भने।

130 परमेश्वरले तिमीलाई आशिष दिऊन्, छोरा। के त्यहाँ कोहि छ, भन्नुहोस्, “म—म अहिले खडा हुन चान्हन्छु परमेश्वरले तपाईलाई आशिष दिऊन्” परमेश्वरले तपाईलाई आशिष दिऊन्, महिला। परमेश्वरले तपाईलाई आशिष दिऊन् मेरो वहिनी। “म चाहन्छु...” परमेश्वरले तपाईलाई आशिष दिऊन्। “यस दिनमा, म खडा हुँदछु।” यी राम्रा मानिसहरु, पुरुष र महिलाहरु, जो उभिरहनुभएको छ, “यस दिनमा, म खडा हुनेछु।”

131 र त्यो दिन जब डाक्टरले भन्दछ, “ठिक छ, नाश; उहाको रगत बगिरहेको छ, मृत्यु ऊ माथि, या उनी माथि छ।” या कुनै बिहान, तपाईले तपाई खडा भएको सम्झनुहुनेछ। तपाई उहाको निम्ति खडा हुनुहोस्।

132 “यदि तिमी मानिसको अगाडि मदेखि शर्माउछौ भने, म तिमीबाट मेरो पिता र पवित्र दूतगणहरुको सामू शर्माउनेछु। तर तिमीहरुले मानिसको सामू मलाई ग्रहण गर्यौ भने, त्यसलाई म मेरो पिता र पवित्र दूतगणहरुको सामू ग्रहण गर्नेछु।”

133 परमेश्वरले तपाईलाई आशिष दिऊन् मेरो वहिनी। के त्यहा कहिँ आँगनमा कोहि हुनुहुन्छ? ठिक अहिले, हामी पर्खिदै गर्दा। तपाईहरु मध्ये कोहि, धेरै जना मुख्य तल्लामा हुनुहुन्छ? सबै ठिकै छ। म तपाईलाई तपाईको वचनमा लिदछु, मित्र।

134 यदि वचन मलिलो जमिनमा खस्यो भने, जसरि त्यो कुवाको सानो स्त्रीमा खस्यो, उनले—उनले त्यो बुझिन्। उनी स्वर्गमा प्रतिनिधित्व भएको थियो, संसारको जग... संसारको जग बसाल्नु भन्दा अघि। जब ज्योतिले उनलाई प्रहार गर्यो, उनले त्यो कुरा बुझिन्।

135 परमेश्वरले तपाईलाई आशिष दिऊन् मेरो भाई। त्यो एक वीर हो...परमेश्वरले तपाईलाई आशिष दिऊन्, मेरो भाई। तपाईले आफ्नो जीवनमा ठुलो काम गरेको हुनसक्छ; तपाईले जीवनमा गरेको भन्दा महान् काम अहिले गर्दै हुनुहुन्छ, ख्रीष्टको निम्ति खडा हुनुहोस्।

136 हाम्रो स्वर्गीय पिता, विऊ जमिनमा खसेको छ यो दिनमा। हामी जीवन माथि उठेको देख्दछौ। पुरुषहरु र स्त्रीहरु आफ्नो खुट्टामा खडा भएका छन्, र सबैले परमेश्वरको आँखामा हेर्दछन्, जो सर्वव्यापी हुनुहुन्छ, सर्वज्ञानी हुनुहुन्छ, सर्वशक्तिमान हुनुहुन्छ, उहाले तिनीहरुलाई देख्नुहुन्छ। तिनीहरु तपाईका हुन्, पिता। म तिनीहरुलाई तपाईमा स्मारकहरुको रूपमा प्रस्तूत गर्दछु।

137 हुनसकोस् कि त्यहा तिनीहरु खडा भईरहदाको अनुभव, यो जानेर कि तिनीहरुले के गरेका छन्, यो जानेर कि यसको अर्थ के हो, थोरै तुच्छ भए तापनि प्रभुसंग तिनीहरु आफु खडा भएका छन्। हुनसकोस् कि तिनीहरु सधै त्यो दिनसम्म तपाईको उपस्थितिमा तिनीहरु खडा रहन सकोस्, तबा त्यो मधुर आवाजले भन्नेछ, “हो, एक दिन बेटन राउजमा या सानो ठाउ जुन डेनहाम स्प्रिन्ग्स भनिन्छ, ऊ मेरो निम्ति खडा भएको थियो, पिता, अब म उनको निम्ति खडा हुनेछ।” प्रदान गर्नुहोस्, प्रभु। तिनीहरु तपाईका हुन्, येशू ख्रीष्टको नाममा। आमेन।

तपाई खडा हुनुभएको मा, पर्मेश्वरले तपाईलाई आशिष दिऊन्।

138 अब मेरो लागि यो एउटा कुरा गरिदिनुहोस्। पत्ता लगाउनुहोस्, यदि तपाई यी पाष्टरहरुको वरीपरी हुनुहुन्छ भने, थोरैलाई हेर्नुहोस्, तिनीहरुसंग कुरा गर्नुहोस्। यदि तपाईको अहिलेसम्म इसाई बप्तिष्मामा, बप्तिष्मा भएको छैन भने, त्यो गर्नुहोस्। अब आफैलाई विश्वासीहरुको माझमा राख्नुहोस्, साँचो विश्वासीहरु संग, देखावटी विश्वासीहरूसंग होइन; सच्चा विश्वासीहरुसंग।

हामी प्रार्थना गर्दैगर्दा, आउनुहोस् यी रुमाल्हारुको लागि पनि प्रार्थना गरौ।

139 स्वर्गीय पिता, यी रुमालहरु अब बाहिर जादैछन्; कहा जान्छ त्यो म जान्दिन। हुनसक्छ कुनै बुढो दृष्टिविहिन वुवाकोमा जो कुनै सानो दलदलमा यहाँ बाहिर बसिरहनु भएको छ, यो रुमाल आउनुको निम्ति पर्खिरहनु भएको हुनसक्छ; एउटा सानो बालक अस्पतालमा लडिरहेको; एउटा आमा उभिरहेको, पागलपनमा, यो रुमाल फर्केर आउनको निम्ति पर्खिरहेको हुनसक्छ। स्वर्गीय पिता, म प्रार्थना गर्छु कि तपाई त्यससंग जानुहोस्। र आज तपाईको उपस्थितिको चिन्हको रूपमा, र हाम्रो विश्वास जुन तपाईमा छ जस्तो कि हामीले वचन प्रचार गरेका छौ, त्यो विश्वास जुन अब्राहाममा थियो, र त्यो विश्वास जुन उत्पन्न भयो र येशू ख्रीष्टद्वारा हामीमा दिईयो, हुनसकोस् कि त्यो यी रुमालहरू संग जान

सकोस् र ती सबै जति छ तिनीहरु चंगाई हुन सकोस्। हामी तिनीहरुलाई पठाउछौ येशू ख्रीष्टको नाममा। आमेन।

140 अब मात्र केहि क्षण, हामीले प्रार्थनाको लाईन बोलाउन भन्दा पहिले। सर्वशक्तिमान र शक्तिशाली परमेश्वर, एक महान्, एक पूर्ण पर्याप्त...कृपया, मित्रहरु, म—म विरामीहरुको लागि प्रार्थना शुरु गर्न जाँदैछु, र म...सम्भावतः जब हामी तल आउछौ, म—मैले केहि कुरा तपाईलाई भन्न नसकुला; तपाई मध्ये कोहि त्यो समयभन्दा अगाडि जानुहुन्छ होला। तपाई जे पनि गर्नुहुन्छ, यदि तपाई केहि समय अघि खडा पनि हुनुभएन होला र तपाई निश्चय नहोला...

141 यदि तपाई मण्डलीको सदस्य हुनुहुन्छ भने त्यो राम्रो हो, तर त्यो नै पर्याप्त छैन। बुझ्नुभयो, त्यो धनि शासक मण्डलीको सदस्य थियो। बुझ्नुभयो? उनले अनन्त जीवन पाउनलाई के गर्नुपर्छ भनि येशुलाई सोधेका थिए। उनले त्यो कहिल्यै ग्रहण गरेका थिएनन्। उनि छोडेर गए। त्यो जवान मनिसले कति मूर्खको काम गरे। उसको स्थान नलिनुहोस्। तपाईले सम्झनुहुन्छ अन्तिम पटक उनको पहिचान भएको? थोरै समय पछि, उनी समृद्ध भए। उनी धनि भए। उनी यस्तो ठाउसम्म पुगे यहासम्म कि उनको ढुकुटीसम्म फाट्ने भयो। तर तब हामीले उनको अन्तिम पहिचान भेट्टाउछौ, नर्गमा, आगोको यातनामा पाउछौ। तपाईमा त्यो हुन नदिनुहोस्। ख्रीष्टलाई ग्रहण गर्नुहोस्।

142 तपाई जवान मानिसहरु, तपाई जवान युवतीहरु, तपाई जवान युवाहरु, केवल तपाइको जीवनको मोडमा, कृपया यो गर्नुहोस्। मलाई सुन्नुहोस्, जसै—जसै तपाईको दाईको रूपमा, जसले तपाईलाई प्रेम गर्छ। म यहा छु किनकि म तपाईलाई प्रेम गर्छु। म परमेश्वरलाई प्रेम गर्छु, र म तपाईलाई प्रेम गर्छु, र मैले परमेश्वरलाई प्रेम गर्न सक्दिन यदि मैले तपाईलाई प्रेम गरिन भने।

143 यदि तपाईसंग केहि सुझाव दिन छ भने, मेरो छोरालाई त्यहाँ दिनसक्नुहुन्छ, या मेरो, छोराछोरी मध्ये एकलाई दिनसक्नुहुन्छ। मलाई मात्र...म, म त्यो विना जानेछु। कुनै पनि अविभावकले त्यो गर्दछ; त्यसरी नै परमेश्वरले पनि गर्नुहुन्छ। बुझ्नुभयो? उहाको मानिसलाई प्रेम गर्नुहोस्। एक अर्कालाई प्रेम गर्नुहोस्।

144 तपाई भन्नुहुन्छ, "तपाई तिनीहरुलाई के कुराले गाली गर्नुहुन्छ?" वास्तविक प्रेम सुधारात्मक हुन्छ।

145 यदि तपाईको बच्चा सडकमा हिड्छ भने; तपाइले भन्नुहुन्छ, "ठिक छ। कान्छो त्यहाँ बस्दैछ। त्यसले त्यसो गर्न नहुने थियो, तर मलाई त्यसको सानो चित्त दुखाउनु मन छैन।" तपाईले त्यसलाई प्रेम गर्नुहुदैन। ऊ त्यहाँ मारिन सक्छ। यदि तपाईले त्यसलाई प्रेम गर्नुहुन्छ भने तपाईले उसलाई भित्र ल्याउनुहुन्छ र एक पिटाई दिनुहुन्छ। तपाईले त्यसलाई आज्ञा पालन गर्नेखालको बनाउनुहुन्छ।

146 त्यहि तारिकमा परमेश्वरले गर्नुहुन्छ। प्रेम सुधारात्मक हुन्छ, र त्यो वास्तविक प्रेम हो।

147 जब एउटा प्रचारक खडा हुन्छ र तपाई स्त्रीहरुलाई कपाल काट्न दिन्छ, र मुख रङ्ग्याउन र अरु लगाउन दिन्छ, र तपाईलाई सच्याउन खोज्दैन, त्यहा कुनै वास्तविक

प्रेम त्यहाँ छैन; र केहि भन्दैन पनि। र तपाईको पुरुषलाई तिन या चार पटक विवाह गर्न दिन्छ, र ती सबै त्यस्ता अरु कुराहरु, र त्यस्तै भएर जान्छ, त्यहाँ कुनै वास्तविक प्रेम छैन। तपाईलाई मण्डलीमा शामिल हुनदिन्छ, र तपाईको ढाड सुम्सुम्याउछ, र कुनै सिद्धान्तले तपाइलाई अठ्याउछ, त्यसपछि, "तपाईले गर्न पर्ने चिज भनेको नै पवित्र मण्डलीमा शामिल हुनुपर्छ," भनि सिकाउछ भने त्यहाँ कुनै प्रेम छेन। वा, या त, त्यो मनिस पूर्ण रूपले हराएको छ, स्वयम्, या उनले आफैले केहि देख्दैन।

148 वास्तविक प्रेम सुधारात्मक हुन्छ, र तपाईलाई परमेश्वरको वचनमा फर्काएर ल्याउछ।

149 येशुमा हेर्नुहोस्, कसरी, उहाले के भन्नुभयो, 'किनकि उहाले तिनीहरुलाई प्रेम गर्नुभयो, यति प्रेम गर्नुभयो कि उहा तिनीहरुको साट्टोमा मर्नुभयो, जब तिनीहरुले अझै उहाको रगतलाई वोलाउदै थिए।

150 अब महान् पवित्र आत्माले...म केहि मिनेट पर्खन चाहन्छु। म तबसम्म पर्खन चाहन्छु जबसम्म पवित्र आत्माले ममाथि अभिषेक गर्नुहुन्न, हामीले यो शुरु गर्नभन्दा अघि। मैले प्रचार गर्दै आईरहेको छु। धन्यवाद, तपाईहरुको सहकार्यको निम्ति।

151 अब, हरेक जना यहाँ, जहा कहिँ तपाई हुनुहुन्छ, यो भवनमा जहाकहि पनि हुनुहुन्छ, मात्र एक मिनेटको लागि प्रार्थना गर्नुहोस्, भन्नुहोस्, "प्रभु येशु, मलाई सहायता गर्नुहोस्! सहायता गर्नुहोस्! मलाई तपाइको वस्त्र छुन दिनुहोस्।" येशुले भन्नुभयो, तपाई जान्नुहुन्छ, जब स्त्रीले उहाको वस्त्र छोईन्, उहाले शारीरिक रूपमा त्यो महसूस गर्नुभएन, तर उहा पछाडि फर्कनुभयो र उनी को थिईन् र उनले के गरिन् भनि जान्नुहुन्थ्यो। उहा त्यहि येशु आजको दिनमा हुनुहुन्छ, एक मूख्य पुजाहारीलाई हाम्रो दुर्वलताको अनुभवले छुन सकिन्छ।

152 तपाई विश्वास गर्नुहुन्छ अहिले, तपाई प्रत्येकले, त्यो सत्य हो, कि परमेश्वरले यो प्रतिज्ञा गर्नुभयो, फेरी एकपटक (र उहाले यो देखाउन सकेको होस्) हामी सोदोमको दिनहरुमा बाच्दै छौ? कतिजनाले यो भवनमा त्यो कुरा विश्वास गर्नुहुन्छ, मात्र तपाईको हात उठाउनुहोस्।

153 हामी त्यो सोदोममा जति जिईरहेका छौ। सबै प्रणालीहरु प्रदूषित भएका छन्, संसारको प्रणालीहरु, सबैकुरा, मण्डलीको प्रणालीहरु, राजनीति प्रणालीहरु। त्यहाँ केहि छैन। राजनीति अति भ्रष्ट भएका छन्। प्रणालीहरु सबै ठाउमा, हाम्रा शासकहरु, ती सबै भ्रष्टाचार हुन्। मण्डली पनि त्यहि तरिकाले भएका छन्। परिवारहरु त्यस्तै भएका छन्। यो सबै भ्रष्टाचार हो; सोदोम हो।

154 त्यसपछि, याद गर्नुहोस्; परमेश्वरले त्यो तपाईको सामू राख्नुभयो, तब याद गर्नुहोस् उहाले भन्नुभयो कि उहाले आफैलाई मानव शरीरमा प्रतिनिधित्व गर्नुहुनेछ, र त्यस्तै नै गर्नुहुनेछ जस्तो उहाले सोदोमलाई गर्नुभयो, जुन प्रतिज्ञाको पुत्र देखा पर्नुभन्दा अघि हुनेछ। उहाले प्रतिज्ञा गर्नुभयो कि उहाले एकजनालाई पठाउनुहुनेछ जसले प्रतिज्ञाको पुत्रको बाटो तयार पार्नेछ, जसरी उहाले पहिले गर्नुभएको थियो, जसले परिचय गराउदछ; र उहाले भन्नुभयो, "जब परमेश्वरको पुत्र प्रकट हुनुहुनेछ।"

155 म तपाईलाई चिन्दिन। ठिक छ, सुश्री थोम्प्सन, त्यो स्त्री समस्या र कठिनाईहरु, तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई निको पर्नुहुनेछ? तपाई यो विश्वास गर्न सक्नुहुन्छ? विश्वास गर्नुहुन्छ? सुश्री, सुश्री थोम्पसन, तपाई यो विश्वास गर्नुहुन्छ कि उहाले तपाईलाई निको पार्नसक्नुहुनेछ? त्यसो हो भने आफ्नो हात उचाल्नुहोस्।

156 त्यहाँ स्त्री हुनुहुन्छ जो तपाईको ठिक पछाडि बस्नुभएको छ। उनी प्रार्थना गर्दै हुनुहुन्छ। तपाईको जोर्नीमा जलन छ।

157 एक जना ठिक उहाको पल्लो पट्टि बसिरहनु भएको छ, जसको पेटको समस्या छ, उहा पनि प्रार्थना गर्दै हुनुहुन्छ। तपाइले यो छुट्टाउन जादै हुनुहुन्छ, तपाई त्यो देख्नुहुन्न। तपाई यहाबाट आउनुभएको होइन। तपाई मिस्सीसिपीबाट हुनुहुन्छ। तपाई श्रीमान् र श्रीमती स्ट्रीन्गार हुनुहुन्छ। यदि तपाईले आफ्नो पूर्ण हृदयले विश्वास गर्नुहुन्छ भने, येशु ख्रीष्टले तपाईलाई निको पार्नुहुनेछ। यदि तपाईले विश्वास गर्न सक्नुभयो भने। विश्वास गर्नुहुन्छ? त्यसो हो भने तपाईले प्राप्त गर्न सक्नुहुन्छ। तपाईको हात उचाल्नुहोस् ताकि मानिसहरु त्यो तपाई हुनुहुन्छ भनि देख्न सकून्।

158 म ती मानिसहरुलाई चिन्दिन। मैले तिनीहरुलाई मेरो जीवनमा कहिल्यै देखेको छैन। तपाईले विश्वास गर्नुपर्दछ, मित्र। उहाले आफैलाई पहिचान गराउदै हुनुहुन्छ। के तपाई त्यो आफ्नो पूर्ण हृदयले विश्वास गर्नुहुन्छ? [सभाले भन्छन, "आमेन।"—सम्पा]

159 किन तपाईले आफ्नो शिर हल्लाउनुभयो, श्रीमान्, र मलाई त्यसरी हेर्नुभयो? हो, श्रीमान्। किनभने तपाईले त्यो गर्नुभयो, म तपाईसंग केहि मिनेटमै कुरा गर्न जाँदैछु। तपाई एक प्रकारको उमेर भैसकेको, सज्जन व्यक्ति हुनुहुन्छ जो ठिक यहा वस्दै हुनुहुन्छ, मलाई हेर्दै हुनुहुन्छ। उहाले मलाई अति इमानदारीता साथ हेर्नुभयो। उहाले विश्वास गर्नुभएको छ। तपाईले कसैको निम्ति प्रार्थना गर्दैहुनुहुन्छ, जसलाई चोट लागेको छ। तर—तर तपाईको प्रार्थनाको मूख्य चिज, तपाईलाई चाहेको, तपाई पवित्र आत्माको बप्तिष्मा खोज्दै हुनुहुन्छ। त्यो ठिक हो। त्यो ठिक हो। यदि तपाईले विश्वास गर्नुभयो भने, तपाई स्त्री, तपाई रोजगारी खोज्दै हुनुहुन्छ। त्यो भन्दा बाहेकमा, तपाईलाई थाहा हुनसक्छ कि म परमेश्वरको अगमवक्ता वा दास, तपाईमा दुइ पटक शैल्यक्रिया भैसकेको छ। त्यसले तपाईलाई एक प्रकारको कमजोर बनाएर छोडेको छ। सबै खालको परिस्थितिहरु, आत्मिक समस्या। म तपाइलाई भन्न चाहन्छु कि ती सबै ठिक पारिएको छ। तपाईको विश्वासले तपाईलाई निको पार्दछ।

160 [टेपमा खालि स्थान—सम्पा]...ठिक तपाईको पल्लो पट्टि बसिरहनुभएको। उहा प्रार्थना गर्दै हुनुहुन्छ। यहाँ हेर्नुहोस्। उहाले तपाईलाई सुन्नुभएको छ, र तपाईले उहालाई छुनुभएको छ। म तपाईलाई चिन्दिन, तर उहाले चिन्नुहुन्छ। म तपाईलाई भन्छु तपाईले के को विषयमा प्रार्थना गर्दै हुनुहुन्थ्यो। तपाईको पूर्ण हृदयले तपाई विश्वास गर्नुहुन्छ? तपाईलाई चित्त थैलीमा समस्या छ, जुनको लागि तपाई प्रार्थना गर्दै हुनुहुन्छ। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई चंगाई गरि ठिक पार्नुहुन्छ? तपाई श्रीमती स्मिथ हुनुहुन्छ। त्यो ठिक हो, आफ्नो हात उचाल्नुहोस्।

161 देख्नुभयो उहाले आफैलाई पहिचान गराउदै हुनुहुन्छ। यो के हो? यो अब्राहामको विऊ हो, त्यो विश्वास जुन अब्राहाममा थियो, प्रभु येशु ख्रीष्ट हामी माभमा हुनुहुन्छ उहाको वचन हामीमा पुष्टि गर्दैहुनुहुन्छ, चिन्हहरुले पछ्याउदै हुनुहुन्छ।

162 को, कतिवटा कार्डहरुको निम्ति प्रार्थना गरिनुपर्ने छ, तपाईहरुको हात उचालिदिनुहोस्, तपाईको कार्ड भयो? ओ, हामीले प्रार्थनाको लाईन आरम्भ गरे बेस हुनेछ।

163 तपाई देख्नुहुन्छ, तपाई बुभ्नुहुन्छ होइन र? अब त्यो आत्माले मात्र...तपाईलाई चंगाई दिदैन। त्यसले उहा यहाँ हुनुहुन्छ भनि पहिचान गराउछ। तपाईको पाष्टरहरुमा विरामीहरुको निम्ति प्रार्थना गर्नको लागि यहि नै अधिकार दिईएको छ। तिनीहरुले त्यो गर्दैनन्, अह; निश्चयनै गर्दैनन्। तर तिनीहरुमा—तर तिनीहरुमा ठिक यहि अधिकार छ, "यी चिन्हहरु विश्वासीहरूमा हुनेछ।"

164 अब म मेरा पाष्टर मित्रहरु यहाँ भएको चाहन्छु। (के सबै ठिक छ, सभाबाट पनि बोलाउनुहोस्...?...)

165 कति जता पाष्टरहरु र सेवकहरु यहाँ हुनुहुन्छ जसले पुरा हृदयले विश्वास गर्नुहुन्छ? ओ, धन्यवाद। म चाहन्छु तपाई खडा हुनुहोस्? यहा आउनुहोस्, म संग मात्रै एक मिनेटको लागि खडा हुनुहोस्, ठिक यहाँ तल, विमारीको निम्ति प्रार्थना गर्नुहोस्। ठिक यहा तल आउनुहोस्। अब तपाई हेर्नुहोस् चंगाई हुन आएको, के हुदछ हेर्नुहोस्।

166 म तपाईहरु आएको चाहन्छु, दुइवटा लाईन बनाउनुहोस्। म त्यहा तल एकछिनमै आइहाले, विमारीहरुलाई प्रार्थना गर्न। म विश्वास गरिरहेको पाष्टरहरु जो आफैलाई विश्वासीहरुको रूपमा पहिचान गराउन चानुहुन्छ। कि, तपाई विश्वास गर्नुहुन्छ, कि तपाई यहा आउदैहुनुहुन्छ, तपाई पवित्र जीवन जिउदै हुनुहुन्छ, शुद्ध जीवन जिउदै हुनुहुन्छ। याद गर्नुहोस्, यहा हेर्नुहोस् ख्रीष्ट को प्रतिनिधित्व गर्दै के बाहिर आउदै छ।

167 भाई, ब्लेर, म तपाईलाई त्यहा जान्दछु, तपाई या भाई प्याटलाई। के तपाईले त्यहा दुइवटा लाईन बनाउन सक्नुहुन्छ जस्तो सामान्यतः तपाइले गर्नुहुन्थ्यो, तपाईले र भाइ प्याटले गरिदिनुहोला।

168 विश्वास गर्नुभएको पाष्टरहरु जो विश्वास गर्न जादैहुनुहुन्छ! अब, हेर्नुहोस, यदि पर्मेश्वरले आफैलाई आफ्नो वचनद्वारा पहिचान गराउनुहुन्छ, उहाको वचनसंग, कतिजनाले बाईबल जान्नुहुन्छ, येशुले यो भन्नुभयो, "यी चिन्हहरु तिनीहरु विश्वास गर्नेहरुमा हुनेछन्। यदि तिनीहरुले आफ्नो हात विरामीहरुमा राखे भने, तिनीहरु निको हुनेछन्?" पाष्टरहरु, तपाईहरु यहा आफैलाई विश्वासीहरुको रूपमा पहिचान गराउन आउनुभएको छ। होइन र? तपाईहरु विश्वासी हुनुहुन्छ (के होइन र?), नभए तपाई यहा खडा भईरहनु हुदैनथ्यो। अब येशुले के भन्नुभएको थियो? "यी चिन्हहरु तिनीहरुमा हुनेछन् जसले विश्वास गर्दछन्।" म तपाईहरु संगै विश्वासी हु।

169 म तल आउदैछु। यिनीहरु हाम्रा मानिसहरु हुन्, र हामी यी भुण्डको गोठालाहरु हौ। अहिले म तल आफ्नो जाल फैलाउन आउदैछु, मेरो हात तपाइको हातमा राख्न आउदैछु।

र जब यी मानिसहरु आउदै गर्छन्, यदि तपाईसंग केहि त्यस्तो छ जसले तपाईको दिमागमा अविश्वास पैदा गराएको छ, त्यसलाई अहिले नै निकाल्नुहोस्; ताकि जब यी मानिसहरु आउदछन्, तब हरेक तिनीहरुबाट आउदछन्, र हामी तिनीहरुमा हात राख्नेछौ, तिनीहरु निको भई जानेछन्। के तपाई आफ्नो पूरा हृदयले विश्वास गर्नुहुन्छ अब, सबै जना? [सेवकहरुले भन्छन्, "आमेन।"—सम्पा]

170 यहा मध्ये कतिजनाले अरुको निम्ति प्रार्थना गरीदिदै हुनुहुन्छ जसै तिनीहरु आउदछन्, आफ्नो हात उठाउनुहोस्, "म प्रार्थना गर्नेछु।"

171 याद गनुहोस्, हुनसक्छ तपाईको बुवा, तपाईको आमा, तपाइको छोरी वा छोरा, बहिनी वा भाइ। र यदि त्यो तपाईको होइन भने, अरु कसैको हो, जो यो लाईनबाट भएर आउनेछन्। र के हुन्थ्यो यदि त्यो तिनीहरु भईदेको भए, र यदि तिनीहरु क्यान्सरसंग मर्दै थिए, वा कुनै लुकेको रोगबाट, के तपाई त्यो व्यक्ति गहिरो रूपमा इनादार भएको चाहनुहुन्न र? निश्चय नै हामी चाहन्थ्यौ।

172 अब, म, विश्वास गर्छु, तपाई कसरी जादै हुनुहुन्छ...अब यी *यो* पंक्तिमा यहा, यो खण्डमा, *त्यो* तर्फिको उल्टोमा माथि खडा हुनुहोस्, जो जति ठिक अनुभाग हुनुहुन्छ, अब, बाटो, बाँया अनुभागलाई लिनुहोस्; हामी सबै जाममा हुन्छु, तपाईले देख्नुभयो, र तपाईले कसरी जान्नुहुन्छ, हामीले के गर्दैछौ। सबै ठिक छ, *यो* अनुभागमा भएको सबैजना, *यहा* खडा हुनुहोला। अब, सबैजना जो दाँया—हातको अनुभागमा हुनुहुन्छ, केवल यो बाटोमा आउनुहोस्, किनभने तपाई तल आउदै हुनुहुन्छ, यतातिर आउनुहोस्।

173 र तपाई कसरी जाँदैहुनुहुन्छ, कसरी तिनीहरु वाहिर जाँदैछन्, भाई बोर्डर्स? ठिक ढोकाको वाहिर छन्, ठिक यतातिर आउनुहोस् र भवनभित्र फेरी पस्नुहोस्।

174 त्यसैले, जब *यो* तर्फिलाई बोलाईन्छ, केहि मिनेटमा, र तिनीहरु खडा हुनेछन्। र अब हेरौ के...सबै ठिक छ, तिनीहरु जो *यो* अनुभागमा छन्, यो तर्फि यहानिर फर्कनुहोस्। आफ्नो प्रार्थनाको कार्ड पक्रिराख्नुहोस्, र यो ठाऊ पट्टि आउनुहोस्। र तपाईहरु जो आँगनमा हुनुहुन्छ, कि तलसम्म हिडेर जानुहोस् र तिनीहरुको अन्तिम पंक्तिमा जोडिनुहोस्। अब यी यो बाँया अनुभागमा, बाँया पट्टि तिर जानुहोस्। र त्यसपछि, तपाई हेर्नुहोस्, तपाईले आफ्नो लाईन बनाउनुहोस् र त्यहि बाटो *त्यो* पछाडि जानुहोस्; पछाडि फर्कनुहोस्, *त्यो* तर्फि फर्कनूस्। बुझ्नुभयो? र तपाई वरिपरीको लाईनलाई पछ्याउनुस्, तब हामीमा कुनैपनि मिसावट हुदैन।

175 त्यसपछि तपाई यहाँ आँगनमा भएकाहरु, केवल तपाईको स्थान ठिक त्यो पर्श्वभागमा बनाउनुहोस्, र केवल ठिक त्यहाँ भित्र झार्नुहोस् जसै तिनीहरु आउदछन्।

176 अब, अब केवल त्यहाँ पछाडि हिड्नु शुरु गर्नुस्, तपाईहरु प्रत्येक ठिक *यहाँ* पछाडि हिडिरहनुहोस् जबसम्म तपाईले ठिक यो लाईनलाई भेट्नुहुन्न। यहानिर, ठिक *यहानिर* हिड्न शुरु गर्नुहोस् र ठिक यो लाईनमा *यहाँ* आउनुहोस्।

177 ओ, ठिक अहिले के हुनसक्छ! के हुनसक्छ! यो यस्तो समय हुन जाँदैछ जहाँ केहि घटित हुनेनैछ। ठिक छ।

178 अब, त्यो ठिक हो, ठिक *त्यो* बाटो फर्केर जानुहोस्, अनि ठिक त्यो लाईनमा गएर बस्नुहोस्। ठिक त्यो पार्श्वभागमा गएर बस्नुहोस्। त्यो तारिकमा हो अब।

179 र अब जब तपाई उठिरहनुहुदा, सबैजना आफ्नो पाउँमा खडा हौ, हामी प्रार्थना भेटि चढाउन जादैछौ। र यो मण्डली मसंगै प्रार्थना गर्न जाँदैछ, ताकी तपाईहरु निको पारिएको होस्। मात्र बिश्वास राख्नुहोस्। र यो नगर्नुहोस्...

180 ठिक यहानिर आउनुहोस्, पछाडीको पनि पछाडीनिर, त्यतानिर आउनुहोस् र यहाँनिर पछाडी गएर बस्नुहोस्। ठिक त्यहाँनिर आउनुहोस् अनि एउटा ठुलो लाईन बनाउनुहोस्। ठिक *त्यो* बाटोनिर आउनुहोस्, र एउटा लाईन बनाउहोस्। हो ठिक छ।

181 सबैजना प्रार्थनामा रहनुहोला। अब वास्तवमै विश्वासमा रहनुहोस्। अब मात्र भिडलाई ध्यान नदिनुहोस्। याद गर्नुस्, हामीहरु—हामीहरु येशू ख्रीष्टको उपस्थितिले ढाकिएका छौ, उहामा विश्वास राखेर उहाले हामीहरु मध्येमा गर्नुभएको कामको उहामाथिको हाम्रो आदरमा निर्भर हुनुभएको छ।

182 त्यो ठिक छ। अब यो सबै ठिक हुनेछ। मलाई लाग्छ को लाईन राम्रो हुदैछ।

183 अब जसै तिनीहरु सबै खडा भईरहेका हुनेछन्, यस भवनभित्र भएका प्रत्येक व्यक्तिले शिर झुकाउनु भएको म चाहन्छु।

184 प्रभु येशू, यो छिट्टै नै हुनेवाला छ। निर्णय ठिक अहिले गरिनुपर्दछ। तपाई यहाँ हुनुहुन्छ भनि के हामीले विश्वास गरेका छौ? के हामीले तपाईलाई प्रेम गरेका छौ? प्रभु, हामीले जे माग्न गईरहेका छौ त्यसको लागि के हामीमा पर्याप्त विश्वास छ? यी मानिसहरुले आफैलाई लाईनमा उभाएर आफैलाई पहिचान गराउदैछन्। प्रभु, यो व्यर्थमा नभएको होस्। प्रभु, यो हुनसकोस् कि जसै तिनीहरु यहाँबाट भएर जाँदछन्, हरेक जना यस प्रकारले जानेछन् जस्तो कि तिनीहरु ख्रीष्टबाट भएर जाँदछन्, किनकि हामी जान्दछौ कि उहा यहाँ हुनुहुन्छ। र हामी प्रार्थना गर्दछौ कि तिनीहरुले आफ्नो चंगाई प्राप्त गर्नेछन्। म निश्चय छु कि यो हप्ताहरु र आउने हप्ताहरुमा, यी मानिसहरु आफ्ना पाष्टर कहाँ जानेछन्, स्त्रीहरु जसमा स्त्री समस्याहरु छन्, पेटको सामस्याहरु छन्, पौरूष ग्रन्थी भएका पुरुषहरु, सबै प्रकारका समस्याहरु, ती सबै निको परिनेछन्, र यसो भन्नेछन्, "तपाईलाई थाहा छ, ती कुराले मलाई छोड्यो नि," किनकि तिनीहरु तपाइको उपस्थितिमा छन्। तिनीहरु अब यसद्वारा भएर आएको होस् र—र तपाई के को लागि मर्नुभयो भन्ने बुझ्न सकून्। तिनीहरु अब्राहामका सन्तानहरु हुन्, र तिनीहरुको निम्ति तपाईले विजय प्राप्त गर्नुभएको छ। तिनीहरु आएर ती प्राप्त गर्न सकेका हुँन् जुन तपाईले तिनीहरुलाई दिनुभएको छ।

185 र, शैतान, तँ यो हप्ता यति धेरै उजागर भएको छस्, कि तँ जान्दछस् तँ हारिसकेको छस् येशू ख्रीष्टले तँलाई कलवरीमा पराजित गराउनुभयो उहा तेस्रो दिनमा हाम्रो न्यायको निम्ति उठ्नुभयो, र अहिले उहाँ हामीहरुको माँझमा खडा हुनुहुन्छ। र हाम्रो विश्वासले उहालाई हेर्दछ, र तँबाट र तैले गरेको कुराहरुबाट टाढा हेर्दछ। यी मानिसहरुलाई छोडिदे, येशू ख्रीष्टको नाममा।

186 [भाई ब्रन्हाम र सेवकहरुले बिरामीहरु माथि राख्दछन् र प्रार्थनाको लाईनमा भएका प्रत्येकलाई प्रार्थना गर्दछन्। टेपमा खालि स्थान—सम्पा]...?...

187 ठिक मालिकले भन्नुभए बमोजिम हामीले गर्यौ। तपाईहरुमध्ये कतिजना जो यो लाईनबाट भएर जानुभयो, कतिजनाले विश्वास गर्नुभयो कि तपाई ठिक हुन जाँदै हुनुहुन्छ भनेर, आफ्नो हात उठाउनुहोस्। म मेरो पनि तपाईहरुसंग शामिल गराउदैछु।

188 हामीहरु त्यहाँ अन्तिममा एक सेवकको समूह भएको रूपमा के गर्दै थियौ; धेरै जना विरामी थिए, मलाई थाहा थियो, तर तिनीहरुले आफ्नो मण्डलीलाई भित्र ल्याउन प्रयास गरि जोर लगाउदै थिए, चाहे तिनीहरु भित्र पसून् या नपसून्। त्यो वास्तविक गोठालाहरु थिए। र पवित्र धर्मशास्त्रले मलाई भन्दछ, "तिनीहरुमा एक अर्काको निम्ति हात मिलाउने कारण बनाऊ।" हामीले आफ्नो हृदय र जाललाई एकसाथ बाध्यौ, र हाम्रो प्रार्थना एकसाथ राख्यौ।

189 येशुले तिनीहरुलाई निको पनि पार्नुभएको छ। र तिनीहरुलाई बलियो गोठालाहरुलाई बनाउनु भएको छ, प्रभुको वचनमा बलियो बनाउनुभएको छ।

190 हुनसकोस् परमेश्वर, मेरा दाजुभाईहरु, तपाईको हृदयको सबै चाहनाहरु उहाले पुर्याई दिनुभएको होस्। तपाईले उहालाई सबै दिनहरुमा सेवा गर्नुभएको होस्, र परमेश्वरको शक्ति तपाईहरुको जीवनमा भएको होस्, ताकि यी राम्रा मानिसहरुका झुण्डमा तपाईले सेवा गर्न सक्नुभएको होस्। येशू ख्रीष्ट, जो हामीहरुसंगै भईरहनु भएको छ, र तपाईसंग प्रत्येक समय हुनुहुन्छ, उहाले आफैलाई तपाईमा पहिलेभन्दा बढि आफुलाई सुपरिचित गराउनुभएको होस्।

191 तपाई मानिसहरु, तपाईहरु मध्ये कोहि जो अशक्त हुनुहुन्थ्यो, तपाईले केहि समयको लागि केहि भिन्नता नदेख्नुहोला, तपाईमा कुनै भिन्नता नभएको होला। हेर्नुहोस् अब्राहामले के गरेका थिए। केहि फरक पर्दैन; त्यो त्यस्तो होस् जुन तपाईले देखिरहनु भएको छ। तपाई आफ्नो लक्षणहरुलाई नहेर्नुहोस्। उहाले के भन्नुभएको छ त्यसलाई हेर्नुहोस्। यदि तपाईले भन्नुहुन्छ, "म अझै पनि दुखाई महसूस गर्नसक्छु;" त्यसको यो संग कुनै सम्बन्ध छैन। परमेश्वरले जे गर भन्नुभएको थियो तपाईले त्यो गर्नुभएको छ। बुझ्नुभयो, त्यसमा नहेर्नुहोस्। उहाले के भन्नुभएको छ, त्यसलाई चाहि हेर्नुहोस्। परमेश्वरले यो यस्तो हो भन्नुभयो! म विश्वास गर्छु। तपाई गर्नुहुन्न र? [सभाले भन्छन्, "आमेन"—सम्पा] मेरो सारा हृदयले म विश्वास गर्छु।

192 मैले फेरी तपाईहरुलाई नदेखुन्जेल प्रभु परमेश्वरले तपाईलाई आशिष दिऊन्। मेरो प्रार्थनाहरु तपाईको निम्ति छ; रात अति अन्धकार बन्दैन, झरी अति भारि भई खस्दैन। म तपाईहरुको निम्ति प्रार्थना गरिरहेको हुनेछु। तपाई मेरो निम्ति प्रार्थना गर्नुहोस्। हामी फेरी नभेटुंजेल, परमेश्वरले तपाईलाई आशिष दिऊन्। अब भाईले पाष्टरको कार्य गर्नुहुनेछ।

***परीक्षा पछि शत्रुको शहर कब्जा गर्नु*** NEP64-0322

(Possessing The Gate Of The Enemy After Trial)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा इंग्लिशमा आईतबार दिउसो 22 मार्च, 1964, डेनहाम स्प्रिन्स हाई स्कूल, डेनहाम, लुइजियाना, यु.एस.ए मा प्रचार गरिएको थियो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2017 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org